# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## सभापोखरी गाउँपालिका
## संखुवासभा




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(प्रदेश नं १ र प्रदेश नं २)**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/०७७
च.नं. ५४९

मिति: २०७७।०३।३१

श्री प्रमूखज्यू,
सभापोखरी गाँउपालिका,
संखुवासभा ।


**विषयः लेखापरीक्षण प्रतिवेदन**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं १ र प्रदेश नं २)

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/०७७
च.नं. ५४९

मिति: २०७७।०३।३१

श्री प्रमूखज्यू,
सभापोखरी गाँउपालिका,
संखुवासभा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले सभापोखरी गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.२ करोड, ७७ लाख १२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२३ लाख ९६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड, ६७ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.७७ लाख ७९ हजार र पेश्की बाँकी ७ लाख ५३ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०६/०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना चौतिस (३४) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाँउ कार्यपालिका, गाँउपालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

विन्दु विष्ट
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# सभापोखरी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।०७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । १ नं. प्रदेशमा अवस्थित यस गाउँपालिका अर्न्तगत ६ वडा, ३४ सभा सदस्य रहेका छन् । २२२.०८ व.की.मी.क्षेत्रफल ओगटेको यस गाउँपालिकाको जनसंख्या घरधुरी सर्वेक्षण २०७५ अनुशार घर परवार संख्या २२३६ र जनसंख्या ११९७६ रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम सभापोखरी गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | वित्तीय समानिकरण अनुदान | १४४२८७६९७.६६ |
| २ | नगद | ०.०० | | संघिय सशर्त अनुदान | ७९३६७५५०.०० |
| ३ | बैंक | ५७०९६०८३.०० | | प्रदेश सशर्त अनुदान | ११००७२४२.०० |
| ४ | आन्तरिक आय | २२४०८५६.४९ | | निर्बाचन क्षेत्र विकास कोष ( संघ) | २४७३६७१.०० |
| ५ | संघिय वित्तिय समानिकरण अनुदान | ८३४०००००.०० | | निर्वाचन क्षेत्र विकास कोष ( प्रदेश) | १८३५४८६.०० |
| ६ | प्रदेश वित्तिय समानिकरण अनुदान | ३३१४०००.०० | | जेष्ठ नागरीक दिर्घ सम्मान ( सा.सु.) | १६६७५०००.०० |
| ७ | संघिय सशर्त अनुदान | ८२२२४७५०.०० | | प्रधानमन्त्रि रोजगार कार्यक्रम | २३५८२०५.०० |
| ८ | प्रदेश सशर्त अनुदान | १५००००००.०० | | झोलुङ्गे पुल क्षेत्र विकास कार्यक्रम | २१०००००.०० |
| ९ | निर्बाचन क्षेत्र विकास कोष ( संघ) | २४७३६७१.०० | | धरौटि फिर्ता | ११८१०००.०० |
| १० | निर्वाचन क्षेत्र विकास कोष ( प्रदेश) | १९०००००.०० | | संघिय सशर्त फिर्ता | २८५७१९९.०० |
| ११ | राजश्व बांडफांड (संघ) | ३६३७०९८९.०० | | **मौज्दात** | |
| १२ | राजश्व बांडफांड (प्रदेश) | ११७३०८२.३२ | | बैंक मौज्दात | ४३६५५६२०६.१५ |
| १३ | जेष्ठ नागरीक दिर्घ सम्मान ( सा.सु.) | १६६७५०००.०० | | धरौटी मौज्दात | ५२३७००.०० |
| १४ | मालपोत रजिष्ट्रेशन शुल्क बांडफांड | २४०२००.०० | | | |
| १५ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २१०००००.०० | | | |
| १६ | प्रधानमन्त्रि रोजगार कार्यक्रम | २३५८२०५.०० | | | |
| १७ | अन्य विविध आय (पेश्की फिर्ता सञ्चित कोषमा दाखिला | ५१४२०.०० | | | |
| १८ | धरौटि | १७०४७००.०० | | | |
| | **जम्मा** | **३०८३२२९५६.८१** | | **जम्मा** | **३०८३२२९५६.८१** |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा। आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** |
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ। गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण मिति २०७५।०३।२८ गते पेश गरी मिति २०७५।०३।२९ गते मात्र स्वीकृत गरेको छ। अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ। यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ :<br>● पूँजीगत तर्फ गाउँपालिकाले यो वर्ष ६ वटा वडाका कुल ८८ योजनामा रु. १ करोड ८० लाख बजेट छुट्याएको र गाउँपालिकास्तरीय योजनातर्फ ७४ योजनामा रु. ९ करोड ६२ लाख २५ हजार छुट्याएको छ।<br>● संघीय र प्रादेशिक सरकारबाट स्वीकृत २७ वटा योजनाहरुका सम्बन्धमा गाउँसभामा पेश भएको छ।<br>● सशर्त अनुदानमा स्वास्थ्य, शिक्षा, कृषि र पशु विकासको लागि प्राप्त भएको रु.८ करोड, २२ लाख २४ हजार सोहि शीर्षकमा खर्च हुने गरी व्ययको अनुमान स्वीकृत गरेको छ।<br>● समग्रमा नगरपालिकाले रु.२४ करोड, २४ लाख, ३३ हजारको आय-व्ययको अनुमान गरेको देखिन्छ। चालु खर्च न्युन विनियोजन गरी पुँजी निर्माण प्रकृतिको खर्च वृद्धि गर्ने गरी बजेट विनियोजन गर्नुपर्दछ। | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०३।२९ मा सभाबाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध नगराई मिति २०७५।०४।२७ गतेमात्र उपलब्ध गराएको पाईयो। कानुनमा भएको व्यवस्थाको पालना हुनपर्दछ। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथ प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्था बिषयलाई समेत समेट्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाँउपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख वा जिल्ला समन्वय समिति प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन। कार्यालयले गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित गरि भ्रमण खर्च नगरेको, मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, नापी कितावमा चेनेज रहेको स्थान उल्लेख गरी चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, आवश्यकता अनुसार भन्दा बढि भाडामा घरहरु लिई जनप्रतिनिधि एवं कर्मचारीको आवासको रुपमा प्रयोग भैरहेकोले थप व्ययभार परेको, विद्युतिय हाजिरीको प्रयोग | |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| **बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६** | | |
| | नगरेको जस्ता व्यहोरा देखिएका छन । अतः ऐनले तोकेको प्रावधान पुरा गरी आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ गर्नुपर्ने देखिन्छ । | |
| ४. | **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ मा जिन्सी सामनको श्रेस्ता माहालेखा परिक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा माहालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नुपर्ने व्यवस्था छ । त्यसैगरी नियम ५० मा जिन्सी निरिक्षण गरी प्राप्त भएको प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने मालसामान तीन महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र गरीसक्नुपर्ने व्यवस्था छ । यस कार्यालयबाट खरिद भएको समेत कतिपय सामानको परलमुल्य, स्पेसिफिकेशन, उत्पादन गर्ने देश वा कम्पनीको नाम, साइज, प्रति ईकाइ मुल्य, अनुमानित आयु नखुलेको जस्ता व्यहोरा देखिएको छ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित विभिन्न कार्यालयबाट आएका एंव चालु हालतमा नरहेका बेसावुत सामानहरुको समयमा मर्मत एंव लिलामकार्य अगाडी बढेको देखिएन । अतः आवश्यक विवरण खुलाई तोकिएको ढाँचामा जिन्सी खाता अद्यावधिक गर्ने तथा हस्तान्तरण गरेको सामानको अभिलेख र परिमाण राख्ने एवं समयमा मर्मत, लिलामको प्रकृया अबलम्बन गरी जिन्सी व्यवस्थापन चुस्त बनाउनु पर्ने देखिएको छ । | |
| ५. | **खरिद गुरुयोजना र योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ अनुसार १ बर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधि भरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । योजनाले तोकेको समयभन्दा ढिलो गरी योजनाको कार्यान्वयन भए नभएको खरिद योजनामा समावेश नगरी कार्यान्वयन गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनुका लागी नियमावलीको परिकल्पना गरे बमोजिमको बार्षिक खरिद गुरुयोजना तयार गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ । | |
| ६. | **सेवा प्रवाहको स्थिति** : गाउँपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयको प्रशासन फाँटबाट दिइएको जानकारीको आधारमा यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ । सेवा प्रवाहको तथ्याङ्कलाई राजस्व असुली सँग सम्बद्ध गरि सेवा थप पभावकारी बनाउनु पर्दछ । त्यसै गरी सेवा प्रवाहको अभिलेख चुस्त बनाउन पर्ने समेत देखिएको छ । | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |
| १ | जन्म दर्ता | ५४७ |
| २ | मृत्यू दर्ता | ७४ |
| ३ | बसाईंसराईं दर्ता | २०७ |
| ४ | बिबाह दर्ता | १२५ |
| ५ | सम्बन्धविच्छेद दर्ता | २ |
| | **अन्य सिफारिस** | |
| ६ | घरबाटो सिफारिस | विवरण नआएको |
| ७ | नागरीकता सिफारिस | विवरण नआएको |
| ८ | अन्य सिफारीस | विवरण नआएको |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ९ | सडक पिसिसि ढलान तथा नाला निर्माण (मि.) | ३०३ मि. |

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६**

| सि.नं. | विवरण | | | रकम |
|---|---|---|---|---|
| | १० | सडक मर्मत सम्भार र नयाँ ट्र्याक खोलिएको (कि.मि.) | २७७६ मि. | |

७. **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यो वर्ष गाउंपालिकाले तर्जुमा गरि मिति २०७६।०३।२७ को गाउँसभाको निर्णयले निम्नानुसार कानुनहरु पारित गरेकोमा हालसम्म पनि राजपत्रमा प्रकाशित गरेको छैन :

| सि.नं. | कानुनको नाम |
|---|---|
| १ | न्यायिक समिति उजुरी कारबाही किनारा गर्दा अपनाउने कार्यविधी, २०७६ |
| २ | मेलमिलाप सञ्चालन कार्यविधी, २०७६ |
| ३ | व्यावसायिक दर्ता तथा नविकरण कार्यविधी, २०७६ |

८. **स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

९. **वजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले विनियोजन गरेको आय-व्यय अनुमानको स्थिति निम्नानुसार देखिएको छ :

| सि.नं. | कार्यक्रमको नाम | अनुमानित आय | अनुमानित खर्च | निकासा भएको | |
|---|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ८३२१८०००.०० | १४००५१०००.०० | ८३४०००००.०० | - |
| २. | संघीय राजश्व बाँडफाँट | ४४२७१०००.०० | | ३६३७०९८९.०० | |
| ३. | गतको अ.ल्या. | ५७०९६०८३.०० | | ५७०९६०८३.०० | |
| ४. | प्रदेश वित्तीय समानीकरण | ३३१४००० | ३३१४०००.०० | ३३१४०००.०० | |
| ५. | सशर्त अनुदान | ७५३०००००.०० | ७५३०००००.०० | ८२२२४७५०.०० | ०७६/०३/३१मा फिर्ता(संघिय) |
| ६. | सामाजिक सुरक्षा | १६३०००००.०० | १६३०००००.०० | १६८२१६००.०० | |
| ७. | लुङ्गे पुल हेरालु | १२००००.०० | २१००००० | २१०००००.०० | |
| ८. | आन्तरिक आय | ३२६००००.०० | ३२६००००.०० | २२८४०८५६.०० | |
| ९. | एल.जि.सि.डि.पि. | ११०००००.०० | - | - | |

१०. **वित्तीय प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाउँस्तरीय तथा वडास्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन ।

११. **धेरै योजना संख्या:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएको देखिएको छ । नगरपालिकाले आ.व. २०७५।७६ मा स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र छरिएका देखिएको छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | योजनाको संख्या धेरै हुँदा कार्यालयको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्रविधिक कर्मचारीलाई कार्यसम्पादनमा कठिनाई भई त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । यस सम्बन्धमा गाउँपालिकाको ध्यान जानुपर्ने देखिएको छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार १७६ वटा योजना स्वीकृत भएकोमा देहाय वमोजिमको योजनाहरु सम्झौता भइ सम्पन्न भएका छन । | |

| सि.नं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | ५० हजार सम्मको | २७ |
| २ | ५० हजार देखि १ लाख सम्मका | २५ |
| ३ | १ लाख देखि ५ लाख सम्मका | ७७ |
| ४ | ५ लाख देखि १० लाख सम्मका | १६ |
| ५ | १० लाख देखि २५ लाख सम्मका | १३ |
| ६ | २५ लाख भन्दा माथिको सबै | ५ |
| | **कुल जम्मा** | **१६३** |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १२. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी ३० रहेपनि स्थायी पदपूर्ति ५ मात्र भएको छ । बांकी पदहरु रिक्त भएको सम्बन्धमा स्थायी नियुक्तिको लागि लोकसेवा आयोगमा पत्र पठाएको अवस्था छ । कार्यालयले सिभिल इन्जिनियर-१, अ.सव ईन्जिनियर-१, कार्यालय सहायक-३, ना.प्रा.स.-२, अध्यक्षको निजी सचिव-१ र कार्यालय सहयोगी-१० जना करारमा राखि कार्य संचालन गरेको छ । | |
| १३. | **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तयार आ.व. २०७५।७६ मा बस्तुगत विवरण तयार गरेका छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएर मात्र तयार गर्नुपर्नेमा सो गरेको छैन । उक्त भिलेज प्रोफाईलले पालिका भित्रको आर्थिक समाजिक अवस्था, वन तथा वातावरणीय अवस्था, संस्थागत तथा सुशासनको अवस्थालाई लाई प्रस्तुत गरेतापनी पुर्वाधार विकास अवस्था, कृषि विकास तथा पशु विकासको अवस्था लगायत अन्य विविध क्षेत्रहरुको अवस्थाको बारेमा विवरण उपलब्ध नगराएको हुँदा उक्त प्रोफाईले प्रस्तुत गरेका तथ्यांङहरु एथार्थपरक छ भन्ने अवस्था छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा गाउँपालिकाको सम्पुर्ण क्षेत्रहरुको विवरण प्रस्तुत गर्ने खालको प्रोफाईल निर्माण गर्नु आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले ध्यान दिन आवश्यक छ । | |
| १४. | **कार्यक्रम तथा योजना संशोधन -** आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०७५।०३।२९ गतेको सभावाट स्वीकृत नगरस्तरिय तथा वडा नं. १ देखि ६ सम्म वडास्तरिय योजना मध्ये अधिकांश योजना कार्यपालिकाको निर्णयबाट मर्जर तथा संशोधन गरी कार्य गरेको पाईयो । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण निर्धारण प्रक्रिया उपयुक्त देखिएन । काबुबाहिरको परिस्थिति सिर्जना नभई अघिल्लो सभाले स्वीकृत गरेको योजना कार्यपालिकाको निर्णयले परिवर्तन गर्नु उपर्युक्त होइन । अतः स्वीकृत योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ । | |
| १५. | **योजनागत लक्ष्य प्रगति -** कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ । लेखापरीक्षणमा उपलब्ध विवरण अनुसार गाउँपालिकाले यस आ.व. मा वडास्तरियतर्फ ८८ योजना तथा गाउँपालिका स्तरियतर्फ ७४ योजना समेत कुल १६२ योजनामा रु.११ करोड ४२ लाख २५ हजार बजेट विनियोजन गरेकोमा सो मध्ये | |

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | विभिन्न १५५ योजना सम्पन्न गरेको, ८ वटा योजना त्रमागत रुपमा सञ्चालन भैरहेको र १३ वटा योजनामा शुन्य प्रगति देखिएको छ । यसबाट ८८ प्रतिशत योजना सम्पन्न गरेको, ५ प्रतिशतमा आंशिक काम भएको ७ प्रतिशत योजनामा कुनै काम हुननसकि प्रगति शुन्य रहेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा योजना सम्झौतागरी कार्य गर्ने प्रवृत्तीले समयमा कार्यसम्पन्न हुननसकेको देखिन्छ । कार्यालयले शुन्य प्रगति तथा घटी प्रगति सम्बन्धमा सोको कारण पहिचान गरी लक्ष्य अनुरुपको प्रगति हासिल गर्न अग्रसर हुनुपर्ने देखिन्छ । | |
| १६. | **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार वित्तीय समानिकरण अनुदान पुँजिगत तर्फ प्रथम चौमासिकमा ६.२ प्रतिशत अर्थात रु. ६९ लाख ४२ हजार, दोस्रो चौमासिकमा २८.७५ प्रतिशत अर्थात रु. ३ करोड २१ लाख १५ हजार र तेश्रो चौमासिकमा ६५.०३ प्रतिशत अर्थात रु. ७ करोड २६ लाख ३९ हजार खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको २५.२५ प्रतिशत अर्थात रु. २ करोड ८२ लाख ५ हजार खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको अत्याधिक चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । | |

| कार्यक्रम | कुल खर्च | चौमासिक | | | आषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेश्रो | |
| वित्तिय समानिकरण | १११६९७१६६.९१ | ६९४२२७१.०० | ३२११५०१८.९३ | ७२६३९८७६.९८ | २८२०५८८०.९६ |
| **खर्च प्रतिशत** | **१००** | **६.२** | **२८.७५** | **६५.०३** | **२५.२५** |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १७. | **अन्तिम मौजदात :** गाउँपालिकाको २०७६ असार मसान्तको श्रेस्ता अनुसार रु.४३६५६२०६।१५ र बैंक अनुसार रु.५०४१८०५७।०० मौज्दात रहेकोले फरक रु.६७६१८५०।८५ देखिएको छ । उक्त बढी मौज्दात भित्र विभीन्न शिर्षकमा कट्टी गरि दाखिला गर्न बांकि रहेको रकम, भुक्तानी चेक जारी भई सटही रकम लगायत अन्य विविध शिर्षकहरुका सम्बन्धमा छानविन गरि श्रेस्ता र बैंकको मौज्दातको मिलान गर्नुपर्दछ । | |
| १८. | **बाँकी रकम फिर्ता दाखिला** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने खाता तोकिदिने र सो बाहेकका फ्रिज हुने खाताहरुको रकम साल तमाम हुनुभन्दा कम्तिमा ७ दिन अगावै खाता बन्द गरी खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आ.ब.मा संघिय सशर्त अनुदानतर्फको विनियोजित रकममध्ये खर्च हुन बाँकी भएको रकम रु.२८५७१९९।०० मिति २०७६।०३।३१ गते संघिय सञ्चित कोषमा फिर्ता गरेको छ । प्रदेश संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेमा प्राप्त बजेटमध्ये खर्च हुन बाँकी रकम फिर्ता नगरी कार्यालयकै संचित कोषमा मौज्दात राखेको देहायका शीर्षकको रु. **४०५७२७२.००** संघिय र प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु, | ४०५७२७२.०० |

| सि.नं. | कार्यक्रमको नाम | निकासा | खर्च | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सर्शत अनुदान | १५००००००.०० | ११००७२४२.०० | ३९९२७५८.०० |
| २. | निर्वाचन क्षेत्र विकास कोष (प्रदेश) | १९०००००.०० | १८३५४८६.०० | ६४५१४.०० |
| | **जम्मा** | **१६९०००००.००** | **१२८४२७२८.००** | **४०५७२७२.००** |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १९. | **आन्तरिक आयको अनुमान र प्राप्ति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत स्थानीय तहले विभिन्न कर तथा शुल्क लगाउन सक्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले लगाउने मालपोत, कर, दस्तुर तथा सेवा शुल्क बापत अनुमानित रु.३२६००००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.१४८६८०६।०० अर्थात अनुमान भन्दा ५४।४० प्रतिशत घटी आय प्राप्त गरेको छ । सञ्चित कोषमा जम्मा भएको अन्य आयमा बोलपत्र फाराम बिक्रि, बोलपत्र जफत, लगायत अन्य विविध शिर्षक बापत रु.७०२६३०।०० जम्मा भएको देखिन्छ । कार्यालयको आन्तरिक आयको अनुमान र प्रगतिको | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| सि.नं. | विवरण | रकम |
| | अवस्था सन्तोषजनक देखएन । कार्यालयले आन्तरिक अम्दानीका अन्य स्रोतको पहिचान गरि आयको अनुमान एथार्थपरक बनाई आय वृद्धि गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| २०. | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं.१०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं.१०८ र म.ले.प.फा.नं. २३ राखी राजश्व लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरु बाट कर तथा शुल्क बापतका रकमहरु नगदै संकलन गरी मासिक वा चौमासिक रुपमा मात्र दाखिला गर्ने व्यवस्था गरेको पाईएको हुँदा उक्त आय दुरुपयोग हुने वा सञ्चित कोषमा दाखिला नहुने जोखिम रहन्छ । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । साथै राजश्व लेखामा सूचना प्रविधिको प्रयोग बढाई नगद कारोवारलाई निरुत्साहित गरी बैङ्किङ एवम् सुचना प्रणालीमा आधारीत राजश्व असुली प्रक्रिया अवलम्वन गर्नुपर्ने देखिन्छ । | |
| २१. | **रसीद नियन्त्रण खाताः** स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । यस गाँउपालिकाको रसिद नियन्त्रण खाताले आन्तरिक आम्दानी को संकलन, अभिलेखांकन र प्रतिवेदन सम्मको कार्यमा पारदर्शिता कायम गर्दछ । यस गाउँपालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि सो खाताले गत वर्षको रसिद ठेलि के कति बांकि थियो, उक्त रसिद ठेलिहरु यस वर्ष प्रयोग भयो कि भएन भन्न उललेख छैन । यस वर्ष प्रयोग भएको रसिद ठेलि को जाँच गर्दा रसिद नं. १ देखि ३५० सम्मको ७ ठेलि र र.नं. १९०१ देखि १९५० सम्मको १ ठेलि रसिद वितरणको अभिलेख देखिएन । रसिद ठेलिहरुको आम्दानी, खर्च र बांकिको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ । | |
| २२. | **रसिद ठेलिको छनविन गरि आय एकिन गर्नुपर्नेः** रसिद नं. १ देखि ३५० सम्मको ७ ठेलि र र.नं. १९०१ देखि १९५० सम्मको १ ठेलि रसिद वितरणको अभिलेख छैन । उक्त रसिद ठेलिहरु के कहाँ वितरण र प्रयोग गरियो, सोबाट के कति आम्दानी भयो भन्ने एकिन छैन । त्यसैगरि वडा नं. १, ५ र ६ बाट केहि नगदी रसिद ठेलिहरु आउन बांकि देखिएकोले उक्त रसिद ठेलिहरुको प्रयोग र अवस्थाको बारेमा छानविन हुनुपर्दछ । अभिलेखमा नदेखिएको र फिर्ता हुन बांकि रहेको रसिद ठेलिहरु बाट संकलित राजस्व एकिन गरि सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | |
| २३. | **राजश्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ (३) मा राजश्व परामर्श समितको बैठकमा सम्बन्धित क्षेत्रको विज्ञ तथा सरोकारवालाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरेको छ । यस वर्ष राजश्व परामर्श समितिको बैठक जम्मा एक (१) पटक मात्र बसेको देखिन्छ । गाउँपालिकाको राजश्व परामर्श समितिले आफ्ना निर्णयहरु प्रभावकारी बनाउन परामर्श समितिको बैठक सञ्चालन कार्यविधी हालसम्म पनि नबनाएको हुँदा उक्त कार्यविधि बनाउनु पर्दछ । | |
| २४. | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ । सभापोखरी, धर्मदेवि मन्दिर, बन्दुके धार्मिक स्थल जस्ता धार्मिक तथा पर्यटकीय स्थलको सुधार र विकास गरि कर उठाउन समेत ध्यान दिनुपर्दछ । | |
| २५. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण सम्वन्धी कानुन बनाएको देखिएन । यो वर्ष | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** |
| | संघीय मामिला तथा सामान्य प्रशाासन मन्त्रालयको निर्देशन अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरी लेखा परीक्षण गराउने व्यवस्था गरे बमोजिम यस गाउँपालिकाले लाईन आईटमको मात्र समयमै कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गरेता पनि सबै खर्च र आम्दानीको लेखापरीक्षण भएको छैन । आन्तरिक लेखापरीक्षण सम्वन्धमा ऐनमा भएको व्यवस्था अनुरुप स्पष्ट व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनु पर्दछ । | |
| २६. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । नगरपालिकाले ऐनको व्यवस्था वमोजिम कर्मचारी कल्याणकोष खडा गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २७. | **कन्टिजेन्सी खर्च** - आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकममध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भुक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले कन्टिन्जेन्सीको छुट्टै खाता राखेको छैन । कन्टिन्जेन्सी कट्टी बापत जम्मा भएको आम्दानी तथा खर्च रकम यकिन गर्न सकिएन । कन्टिन्जेन्सी खर्चबाट विभीन्न कार्यक्रमको अनुगमन, दैनिक भ्रमण तथा मर्मत सम्भार भनि खर्च लेखेको छ । कन्टिन्जेन्सी खाताको अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| २८. | **तलबी प्रतिबेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्थानीय तहतर्फका कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २९. | **वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँरपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । | |
| ३०. | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।३।२९ मा सम्पन्न नगरसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्थाको जानकारी हुने Fallow up Register अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अत: तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ । | |
| ३१. | **न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया सम्बन्धमा उल्लेख छ । गाउँपालिका अन्तर्गतको न्यायीक समतिलाई उजुरी निवेदन तथा फर्छ्यौटका विवरण माग गरेकोमा समितिले विवरण उपलब्ध गराएको छैन । पालिकाले आफुले गरेको विवरण र अभिलेख स्पष्ट गर्नु पर्दछ । | |
| ३२. | **सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । नगरपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विभिन्न मितिमा सम्झौता गरी कार्यालयले सिभिल इन्जिनियर-१, अ.सव ईन्जिनियर-१, कार्यालय सहायक-३, जना करारमा राखि कार्य संचालन गरिएको छ । कार्यालयले वित्तीय समानिकरण अनुदानबाट भुक्तानी हुनेगरी ऐनमा भएको व्यवस्था विपरित कार्य क्षेत्रगत शर्त कार्य बेगर सेवा करारमा लिइ रु.१८ लाख ९९ हजार तलब भत्तामा रकम खर्च गरेको मनासिब देखिएन । | |
| ३३. | **उपभोक्ता समितिको कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| सि.नं. | विवरण | रकम |
| | लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरीका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।<br>यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिब मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ। | |
| ३४. | **लेखा ढाँचाको प्रयोग नभएको**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ। त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSASs) बमोजिम फारामहर मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहमा फाराम विकास गरिएकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको छ। सो अनुसार सिर्जना गरिएका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले मिति २०७२।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको अवस्था छ । जसअनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ। उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी बैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ। यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ। | |
| ३५. | **लेखा प्रणाली** : यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् :- | |
| ३५.१. | अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं. ५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| सि.नं. | विवरण | रकम |
| | प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष गाउँपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| ३५.२. | कार्यक्रम खर्च शिर्षकगत खाता नराखेकोले यस गाउँपालिकाले विनियोजन शिर्षक एकिन गर्ने प्रयोजनको खाताहरु नराखेको अवस्था छ । खर्च शिर्षकगत खाता नराखेकाले तोकिएको शीर्षकमा तोकिए बमोजिम खर्च भएको छ भन्ने आधार देखिदैन । तोकिए बमोजिमको ढाँचामा लेखा स्रेस्ता राखिनु पर्दछ । | |
| ३५.३. | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ र उपदफा (३) मा त्यसरी बर्गिकरण गर्दा मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गिकरण गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष त्यसरी वर्गिकरण गरी वजेट व्यवस्था गरेको र सोअनुसार आय व्ययको लेखा राखेको देखिएन । तोकिए बमोजिम गर्न पहल गर्नुपर्दछ । | |
| | **वित्तीय समानिकरण चालु तर्फ** | |
| ३६. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. १ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार सभापोखरी गाँउपालिकाले देहाय बमोजिम रु.३२७४८००.०० सुविधावापत भुक्तानी भएको छ । | |

| सि .नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १९ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | | | | | | |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | ३०००० | ३०००० | १४४००० | ७२००० | २२८००० | ५०४००० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ६०००० | ५२८०० | २८८००० | १४४००० | ४५६०० ० | १०००८०० |
| ४ | खाजा भत्ता (मासिक) | ४८००० | ३६००० | ७२००० | ० | ० | १५६००० |
| ५ | पुस्तक पत्रपत्रिका ( मासिक) | ३६००० | ३०००० | १०८००० | १०८००० | ११४००० | ३९६००० |
| ६ | अनुगमन भत्ता (मासिक) | ७२००० | ५४००० | १०८००० | ० | २२८००० | ४६२००० |
| ७ | खानेपानी, बिजुली महसुल (मासिक) | १८००० | १२००० | ७२००० | ० | ० | १०२००० |
| ८ | सरसफाई, मर्मत ( मासिक) | २४००० | २४००० | ० | ० | ० | ४८००० |
| ९ | अतिथि सत्कार (मासिक) | १२००० | २४००० | ७२००० | ० | ० | १०८००० |
| १० | यातायात खर्च (मासिक) | ४२००० | ६०००० | २४००० | १४४००० | २२८००० | ४९८००० |
| | **जम्मा** | ३४२००० | ३२२८०० | ८८८००० | ४६८००० | १२५४००० | ३२७४८०० |

| | | |
|---|---|---|
| ३७. | **टुक्रा खरिदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्दछ । यो वर्ष पालिकाले विभिन्न स्टेशनरि सामान वोलपत्रको माध्यम नअपनाई सोभै खरिद वापत आपूर्तकलाई भूक्तानी गरेको देखियो । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त गरीनूपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक सामान खरिद हुदाँ गुणस्तरिय र प्रतिस्पर्धी मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था नरहने हुँदा रु.१७८७२७०.०० सोभै गरेको खरिद कार्य नियमसम्मत देखिएन । प्याकेज तयार गरी टुक्रा नगरी प्रतिस्पर्धि मूल्यमा | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा। आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| सि.नं. | विवरण | रकम |
| | खरिद गर्न सकिनेमा एउटै प्रकृतिका सामान समेत टुक्रा पारि खरिद गरेको रकम नियमित हुनुपर्दछ। | |

| भौ.नं./मिति | फर्मको नाम | खरिद सामान | रकम (भ्याट सहित) |
|---|---|---|---|
| २८०,०७६/२/३१ | अरुण प्रेस एण्ड स्टेशनरी | स्टेशनरी सामान | ६५४२७.०० |
| २८५,०७६/२/३१ | विभिन्न | कार्यालय सामान | १५६५०५.०० |
| ३२१,०७६/३/१५ | स्वस्तिका ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामान | ३१४५०.०० |
| ३७९,०७६/३/२४ | मिसन आईटि सोलुसन | कार्यालय सामान | ४००००.०० |
| ३८०,०७६/३/२४ | कम्प्युटर होम सप्लायर्स | कार्यालय सामान | ९९८९२.०० |
| ३८१,०७६/३/२४ | न्यु लोटस ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामान | ९४२७५.०० |
| ४०६,०७६/३/३० | मकालु वुक्स एण्ड स्टेशनरी | कार्यालय सामान | ३८२३५.०० |
| ८३,०७५/९/२० | कम्प्युर्टस होम एण्ड सप्लायर्स | कम्प्युटर ५ थान | ३७०००७५.०० |
| ९६,०७५/९/२५ | न्यु कम्प्युर्टस होम एण्ड सप्लायर्स | कम्प्युटर सामान | ४६५४१८.०० |
| २५९,०७६/२/२१ | न्यु लोटस ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामान | १२२०४०.०० |
| २५८,०७६/२/२१ | न्यु युनिक प्रेस | कार्यालय सामान | ९८२५३.०० |
| २६०,०७६/२/२१ | युनिक कम्प्युटर सर्भिस सेन्टर | कार्यालय सामान | ८०३८३.०० |
| २६२,०७६/२/२१ | न्यु युनिक प्रेस | कार्यालय सामान | १२५३१७ |
| | जम्मा | | १७८७२७०.०० |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| ३८. | **कट्टी गरेको कर दाखिला बाँकी:** आय कर तथा मु.अ.कर ऐन बमोजिम कट्टी गरेको कर १५ दिन भित्र सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले प्रशासनिक चालुतर्फ समेत विभिन्न वैठक तथा मिटिङ्ग, अन्य खर्च एवं पुजीगत तर्फ मु.अ.कर लगायतका विलमा कट्टी गरेको कर देहायबमोजिम दाखिला बाँकी देखिएको रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु............. | ४४१०५८.०० |

| सि.नं | शिर्षक | दाखिला गर्नुपर्ने बाँकी कर |
|---|---|---|
| १ | चालु तर्फ | ४०८६५०.०० |
| २ | पुजीगत तर्फ | २८६५५.०० |
| ३ | स्वास्थ्य तर्फ | ३७५३.०० |
| | जम्मा | ४४१०५८.०० |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| ३९. | **सरुवा भ्रमण भत्ता बढी भुक्तानी: ५५,**२०७५।८।२१ भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) बमोजिम सरुवा वा बढुवा भई हाजिर हुन खटिएको कार्यालयमा पुगेको दिनको र काजबाट कार्यालय फर्केको दिनको उपनियम (१) बमोजिम पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत रकम भुक्तानी पाउनेछ। तर कार्यालयले प्र.प्र.अ. विनोद कुमार भण्डारी सरुवा भई विराटनगर जाँदा मिति २०७५।६।२४ देखी ६।२५ सम्मको परिवारका सदस्य सहित ५ जनाको रु.२५२५०।०० भुक्तानी गर्दा कार्यालयमा हाजिरि हुन गएको दिनको २५ प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा पुरा रकम भूक्तानी गरेबाट बढी भुक्तानी भएको रु.६०००.०० असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु............. | ६०००.०० |
| ४०. | **थप खाजा खर्च:** ४२०,२०७६।३।३१ स्थानीय तहका पदाधिकारीको सुविधा प्रदेश कानुनले निर्धारण गरे बमोजिम हुनुपर्दछ। गाँउपालिकाका पदाधिकारीहरुलाई प्रदेश नं १ को कानुनबमोजिम मासिक खाजा भत्ता भुक्तानी गरिरहेको अवस्थामा पुनः अध्यक्ष र उपाध्यक्षलाई मासिक थप खाजा भत्ता वापत रु.४००० र रु.३००० का दरले भुक्तानी भएकोले प्रदेश कानुनले तोकेको भन्दा बढी अध्यक्षको रु.४८०००.०० र उपाध्यक्षको रु.३६०००.०० गरि जम्मा रु.८४०००.०० असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु........... | ८४०००.०० |
| ४१. | **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्: | |
| ४२. | झोलुङ्गे पुल हेरालु १५ जनाको ज्याला भुक्तानी गर्दा १३ जनाको वितरण भरपाई संलग्न गरि १५ जनाको भुक्तानी गरेको छ। नन्द कुमारी बाह्रकोटी र कला राई को वार्षिक रु.१२०००।०० को | २४०००.०० |

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | दरले रु.२४०००।०० भुक्तानी गरेकोमा भर्पाई संलग्न छैन । अत: वितरणको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु................ | |
| ४३. | विपद् व्यवस्थापन कोषबाट रुपा राईलाई अति गरिव भएको कारणबाट चर्पि बनाउन रु.७०००।०० सहायता दिएकोमा उक्त रकम वडा नं ४ का वडाअध्यक्षले बुझेको देखिन्छ । सम्बन्धितले बुझेको कुनै प्रमाण पेश नभएकोले चर्पि बनेको समेत देखिने गरि सहायता बुझेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु........... | ७०००.०० |
| ४४. | **दैनिक भ्रमणभत्ता भुक्तानीमा फुटकर खर्च**: भ्रमण खर्च नियमावली, २०६४ को दफा १० बमोजिम कुनै कर्मचारीलाई सरुवा भ्रमण भत्ता भुक्तानी गर्दा मात्र अधिकतम रु.२०००.०० सम्म फुटकर खर्च भुक्तानी गर्न मिल्नेमा यस वर्ष कार्यालयले तपशिल बमोजिमका कर्मचारीहरुको दैनिक भ्रमण भत्ता भुक्तानीमा देहायको फुटकर खर्च भुक्तानी गरकोले नियमविपरित भुक्तानी भएको रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु.............. | २४०००.०० |

| सि.नं | गो.भौ.नं,मिति | कर्मचारीको नामथर | भ्रमण स्थान | भ्रमण अवधि | भुक्तानी रकम | फुटकर खर्च |
|---|---|---|---|---|---|---|
| १. | २१०,०७६/१/९ | बुकु प्र.आर्चाय | काठमाण्डौ | ०७६/१/१-७ | २३२०० | २५०० |
| २. | | | वसन्तपुर | ०७५/१२/२९-३० | ३००० | १००० |
| ३. | | | विराटनगर | ०७५/१२/१४-१७ | ६२०० | १००० |
| ४. | २२९,०७६/१/२३ | | खाँदवारी | २०७६/१/१८-२० | ५१०० | ५०० |
| ५. | २४०,०७६/१/२६ | | खादँवारी | ०७६/१/२३-२५ | ६१०० | २००० |
| ६. | २४७,०७६/२/८ | | विराटनगर | ०७६/१/३१-२/४ | १०३०० | १५०० |
| ७. | २७३,०७६/२/३० | | खादवारी, विराटनगर | ०७६/२/१४-२० | १६००० | २५०० |
| ८. | ३०४,०७६/३/६ | | विराटनगर | ०७६/२/२५-२९ | १०३०० | १५०० |
| ९. | | | विराटगर | ०७६/२/३२-३/३ | ७६०० | १५०० |
| १०. | ३३४,०७६/३/१८ | | खाँदवारी | ०७६/३/१२-१४ | ६५०० | १५०० |
| ११. | ४१६,०७६/३/३१ | | खाँदवारी | ०७६/३/२८-३० | ६६०० | १००० |
| | जम्मा | | | | | १६५००.०० |
| १२. | २२७,०७६/१/२० | रत्न बहादुर सुव्वा | विराटनगर | ०७६/१/१४-१७ | ६७०० | १५०० |
| | **जम्मा** | | | | | **१५००.००** |
| १३. | २४०,०७६/१/२६ | अशोक अधिकारी | खाँदवारी | ०७६/१/१७-२२ | ८३०० | १००० |
| १४. | २४८,०७६/२/९ | | विराटनगर | ०७६/१/३१-२/४ | ८१०० | १००० |
| १५. | ३०४,०७६/३/६ | | खाँदवारी | ०७६/२/३२-३/३ | ५८०० | १००० |
| १६. | | | खाँदवारी | ०७६/२/२५-२९ | ७००० | १००० |
| १७. | ३२२,०७६/३/१५ | | खाँदवारी | ०७६/३/१२-१४ | ५८०० | १००० |

बजेट उप–शीर्षकः– विभिन्न कार्यालयः–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्षः २०७५।०७६

| सि.नं. | विवरण | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | ४१६,०७६/३/३१ | | खाँदवारी | ०७६/३/२८-३० | ४६०० | १००० |
| | | | | जम्मा | | ६००० |
| | | | | कुल जम्मा | | २४००० |

४५. **न्यायिक समितिका सदस्यलाई पोशाक खर्चः ६६,२०७५।९।९**स्थानीय तहका पदाधिकारीको सुविधा प्रदेश कानुनमा उल्लेख भए बमोजिम मात्र भुक्तानी गर्नुपर्दछ । यो वर्ष गाँउपालिकाले न्यायिक समितिका देहायका पदाधिकारीहरलाई प्रति सदस्य रु.१००००.०० का दरले जम्मा रु.३००००.०० भुक्तानी गरेकोले असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु............

| क्र.स | पदाधिकारीको नाम | पोशाक वापतको भुक्तानी |
|---|---|---|
| १ | सीता दाहाल | १००००.०० |
| २ | सुमन राई | १००००.०० |
| ३ | लाल बहादुर श्रेष्ठ | १००००.०० |
| | जम्मा | ३००००.०० |

रकम: ३००००.००

४६. ३६१,०७६।३।२२ कार्यालयले आ.पि को अभावको कारण देखाउँदै गाँउपालिकामा शिक्षा शाखामा काम गर्ने भनि त्रिवेणी मा.वि. वाह्रविसेका शिक्षक गोविन्द प्रसाद वाह्रकोटि र लेखा शिक्षक श्री दुर्गामणी तामाङलाई रु.३५००० को दरले रु.७००००।०० भुक्तानी गरेको देखिन्छ । शिक्षकलाई तलव भुक्तानी भएको अवस्थामा गाँउपालिकामा आएर काम गरेको भनि थप भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु...........

रकम: ७००००.००

४७. **कार्यालय प्रयोजन भन्दा बाहिरको कामको लागि दैनिक भ्रमण भत्ताः** १३५,२०७५।११।१४ स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहको आर्थिक अधिकार प्रमुख प्रशासकिय अधिकृतमा रहने उल्लेख छ । तर कार्यालयले हलुका सवारी चालक कमलध्वज लिम्बुलाई प्रमुख प्रशासकिय अधिकृतले कार्यालय प्रयोजनको कामकाजमा नगएकोले भुक्तानी दिन नमिल्ने टिप्पणी उठाएकोमा अध्यक्षको तोकादेशबाट रु.१४,९५०।०० भुक्तानी भएको देखिन्छ । यसरी आर्थिक अधिकार भन्दा बाहिरबाट तोकादेश भई भुक्तानी भएको रकम कानुन सम्मत नदेखिएकोले असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु................

रकम: १४९५०.००

४८. **वितरणमुखी खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत नदेखिएको सहायता रकम नियममित गर्नुपर्ने रु...

| सि.नं | गो.भौ.नं, मिति | सहायता पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | १८९,०७५/१२/२८ | चेतनशिल महिला वचत तथा ऋण सहकारी | इन्भटर खरिद | ४५०००.०० |
| २ | २९३,०७६/३/४ | | आर्थिक सहायता | १५०००.०० |
| ३ | २९५, ०७६/३/४ | | आर्थिक सहायता | ५०००.०० |
| ४ | २९६, ०७६/३/४ | | आर्थिक सहायता | ५०००.०० |
| ५ | २९७, ०७६/३/४ | | आर्थिक सहायता | १००००.०० |
| | २९८, ०७६/३/४ | | आर्थिक सहायता | १००००.०० |
| | २९९, ०७६/३/५ | | आर्थिक सहायता | २५०००.०० |
| | ३००, ०७६/३/५ | | आर्थिक सहायता | १५०००.०० |
| | ३०२, ०७६/३/५ | | आर्थिक सहायता | ५०००.०० |
| | ३०३, ०७६/३/५ | | आर्थिक सहायता | ५०००.०० |

रकम: ४२४२८०.००

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६**

| सि.नं. | विवरण | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | ३०५, ०७६/३/६ | | आर्थिक सहायता | २५०००.०० |
| | ३०६,०७६/३/१० | | आर्थिक सहायता | १००००.०० |
| | ३६९,०७६/३/२४ | | आर्थिक सहायता | २००००.०० |
| | ३८२,०७६/३/२५ | | आर्थिक सहायता | २००००.०० |
| | ३८३,०७६/३/२५ | | आर्थिक सहायता | १००००.०० |
| | ३३९,०७६/३/२० | | आर्थिक सहायता | १००००.०० |
| | ३४०,०७६/३/२० | | आर्थिक सहायता | १५०००.०० |
| | ३४१,०७६/३/२० | | आर्थिक सहायता | १००००.०० |
| | ३४२,०७६/३/२० | | आर्थिक सहायता | ३००००.०० |
| | ३५२,०७६/३/२० | | आर्थिक सहायता | ५०००.०० |
| | ३५५,०७६/३/२० | | आर्थिक सहायता | ५०००.०० |
| | ३५७,०७६/३/२२ | | आर्थिक सहायता | १००००.०० |
| | ३६४,०७६/३/२२ | | आर्थिक सहायता | ५०००.०० |
| | ३४७,०७६/३/२० | प्रहरी चौकी, धुपु | टि.भि खरिद | ३००००.०० |
| | ३६५,०७६/३/२२ | प्रहरी चौकी, धुपु | घरभाडा भुक्तानी | ५००००.०० |
| | ४०१,०७६/३/२७ | प्रहरी चौकी | तेल | ५८५०.०० |
| | १६६,०७५/१२/२२ | प्रहरी चौकी बाह्रविसे | विद्युतिय वाईरिङ्ग | १०८३०.०० |
| | २१६,०७६/१/२२ | प्रहरी चौकी बाह्रविसे | खाजा खानाको भुक्तानी | १२६००.०० |
| | | **जम्मा** | | **४२४२८०** |

४९. **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखामेमा भुक्तानी दिन बाँकीको कच्चावारी म.ले.प.फा.नं. १८ मा चढाई आगामी वर्ष भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष गत आर्थिक वर्षको भुक्तानी गर्दा म.ले.प.फा.नं. १८ प्रमाणित नगराई भुक्तानी दिएको पाइयो । अतः भुक्तानी दिन बाँकीको अभिलेख वेगर यो वर्ष भुक्तानी दिएको रकम नियमसम्मत मान्न नसकिएको रु....... — १५५५९५.००

| गो.भौ.नं, मिति | विवरण | रकम |
|---|---|---|
| ०२,०७५/५/१२ | झोलुङ्गे पुल हेरालुलाई गत आ.व.को पारीश्रमिक भुक्तानी | १२००००.० |
| १४,०७५/६/४ | सामाजिक परिचालक पृथ्विनारायण राईलाई २०७४।०७५ को छुट तलव भत्ता भुक्तानी | ३५५९५.०० |
| | जम्मा | १५५५९५.० |

५०. **पदाधिकारीको दोहोरो सुविधाः** तपशिल बमोजिमका पदाधिकारीलाई भौ.नं २३७,२०७६।१।२५ बाट माघ देखि वैशाख सम्मको पारीश्रमिक तथा सुविधा भुक्तानी गरिसकेकोमा पुनः भौ.नं ४२२ मिति २०७६।३।३१ मा माघ देखी असार सम्मको पारीश्रमिक भुक्तानी गर्दा माघ देखि वैशाख सम्म ४ महिनाको रु.७२०७२०.०० पारीश्रमिक दोहोरो भएकोले असुल गरि सचितकोष दाखिला गर्नुपर्ने रु........... — ७२०७२०.००

| सि.नं | पद | मासिक दर | ४ महिनाको | कर कट्टी पछिको बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | २१००० | ८४००० | ८३१६०.०० | १ जना अध्यक्षको रु.१००००। को दरले |
| २ | उपाध्यक्ष | २२५०० | ७०००० | ६९३००.०० | |
| ३ | ६ वडा अध्यक्ष | ८००० | २००००० | १९८०००.०० | |
| ४ | ६ का.सदस्य | ४५०० | १०८००० | १०६९२०.०० | |
| ५ | १९ सदस्य | ३५०० | २६६००० | २६३३४०.०० | |
| | **जम्मा** | | **७२८०००.००** | **७२०७२०.००** | |

**बित्तिय समानिकरण पुँजिगत**

५१. **२-०७५/०४/३०** आ.ब. ०७४।०७५ को स्विकृत कार्यक्रम अनुसार यो बर्ष युवा शशक्तिकरण कार्यक्रम बाट १२ जना ब्यक्ति लाई कार ड्राइभिङ तालिम संचालन बापत बुढाथोकी ड्राइभिङ

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** |
| | ट्रेनिङ प्रा.लि. (३०१८७८२३३) काठमाण्डौ लाई २० दिने स्पेशल ड्राइभिङ तालिम शुल्क बापत प्रति ब्यक्ति मु.अ.कर समेत रु.२५,०००।०० का दरले १२ जनाको रु.३,००,०००।०० भुक्तानी गरेको छ । त्यसरी स्पेशल ड्राइभिङ तालिम संचालन गर्दा हुने अपेक्षित उपलब्धी, छनौट बिधि, कुन कुन ब्यक्ति लाई छनौट गरीएको हो खुल्ने कागजात (नागरीकता र फोटो) कुन कुन ब्यक्तिलाई छनौटका लागी निवेदन माग गरेको, संख्या खुल्ने बिबरण, ट्रेनिङ लिएको स्थान, त्यसरी ट्रेनिङ दिने संस्था सँगको संझौता अनुसार काम शुरु र सम्पन्न हुने मिति लगायत आबश्यक ब्यहोरा खुल्ने कागजात संलग्न गरीएको भनिएकोमा सो नभएको, सहभागि १२ मध्ये ६ जनाको मात्र २० जनाको मात्र २० दिन रुजु हाजिर भएको छ ।यस्तो अबस्थामा १२ जनाकै लागी रकम भुक्तानी दिएकोले ६ जनाको प्रति ब्यक्ति रु २५,०००।०० ले रु.१,५०,०००।०० अशुल गर्ने र उपयुक्त बमोजिमको प्रमाण पेश गर्नु पर्ने समेत रु. | ३०००००.०० |
| ५२. | **४-०७५/०४/३१** नयाँ बस्ती सडक मर्मत योजनाको उपभोक्ता समितिलाई ३९.८५ घन मिटर पि.सि.सि. लाई ३९.८५ घन मिटर, पि.सि.सि. गर्दा प्रयोग भएको ३३।८७ घन मिटर बालुवाको लागत भुक्तानी गर्दा ७०।५६प्रति घन मिटरका दरले रोयल्टी बापत दर निर्धारण भएकोमा त्यस्तो रोयल्टी यस क्षेत्रको स्थानिय तहबाट अशुल नभएको हुँदा बढी भुक्तानी भएको रु. २,३९०।०० अशुल उपर हुनु पर्ने रु. | २३९०.०० |
| ५३. | **०६-०७५/०५/१४** पुँजिगत खर्च बाट गत बर्ष ०७४।०७५ को सभापोखरी महिला संजाल लाई रु.१,६५,०००।०० पेश्की फछ्यौट गरी रु ३,३५,०००।००भुक्तानी दिएको छ । महिला संजाल सँग त्यस्तो कार्यक्रम संचालन गर्ने योग्यता , क्षमता, बिषयगत दक्षता भएको आधार बेगर कार्यक्रम संचालन गर्न दिएको र त्यस्ता कार्यक्रममा लागत सहभागिता नहुने अबस्थामा संजाल मार्फत कार्य गराएको, उक्त फर्म बिधिवत रुपमा दर्ता समेत नभएकोले यस्तो अबस्था नियन्त्रण हुनु पर्दछ । | |
| ५४. | **१०-०७५/०५/२७** सिम्ले मोटरबाटो निर्माण बापत उपभोक्ता समिति लाई रु २,९०,४६०।०० भुक्तानी दिएको छ । अनुगमन समितिको प्रतिवेदन र निर्माण कार्यको क्रस सेक्सन बेगर भुक्तानी गरेको मनासिब देखिएन । | |
| ५५. | **११-०७५/०६/०४** सभापोखरी जाने पदमार्ग निर्माण गर्न (चेनेज १४+५०० देखी १७+२०६) कुल लागत अनुमान १०,८३,३७१।८९ रहेकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार १०,४७,८२६।८० को कार्य सम्पन्न भएको छ । निर्माण कार्यको शुरु बिन्दु स्पष्ट नभएको र क्रस सेक्सन स्पष्ट नभएको कारण कुन स्थानसम्म साविकमा निर्माण भएको हो र कुन स्थान बाट हाल सम्म कार्य गर्नु पर्ने हो यकिन हुन सकेन । सबै स्थानको क्रस सेक्सन एबं चेनेजको बिन्दु स्पष्ट हुनु पर्दछ । | |
| ५६. | **१३-०७५/०६/१७** स्वास्थ्य चौकी धुपु भवन निर्माण गर्न कुल लागत रु १५,८७,९६९/७९ मध्ये गाँउपालिकाले रु.३,१७,५९३/३६ ब्यहोर्ने र बाँकी रु.१२,७०,३७३।४३ One Heart नामक संस्थाले ब्यहोर्ने गरी लागत अनुमान भएकोमा यस गाँउपालिका बाट रु १,५८,७९५।०० भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले लागत सहभागिता खुलाई कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु . | १,५८,७९५।०० |
| ५७. | **१४-२०७५/०७/१४** क्ललोभरलिफ इन्जिनियरीङ लाई तटबन्ध निर्माण कार्य बापत रु ४४१,८३०।०० भुक्तानी दिएको छ । उक्त कन्सल्टेन्सी सँग भएको संझौता प्रपोजल एवं इन्जिनियरीङ प्रतिवेदन लेखापरीक्षणमा संलग्न नभएको कारण त्यसको प्रयोजन एकिन हुन सकेन । तसर्थ प्रतिवेदन समेत आबश्यक कागजजात पेश गर्नु पर्ने रु. | ४४१,८३०।०० |
| ५८. | **१७-०७५/०७/१४** आदीबासी जनजाती महासंघ लाई २०७४/०७५ सालको योजनाबाट यो बर्ष समेत कुल संझौता अंक रु ७,७८, २४१।२१ मा यस गाँउपालिकाले रु ७,००,०००।०० योगदान गर्ने भनि हाल सम्म सम्पन्न रकम रु ७,४५,६६१।५६ मध्ये रु ६,७०,६९५।७८ भुक्तानी दिएको छ । गत बर्ष रु ५,९९,४१०।०० भुक्तानी दिएकोमा यो बर्ष रु ७१,२८०।०० अन्तिम पटक भुक्तानी दिएको छ । उक्त भवन आदीबासी जनजातीको नाममा जग्गामा तयार नभएको र स्वामित्व र उपयोग यकिन नगरी गाँउपालिकाले भवन बनाइ लागत ब्यहोरेको मनासिव नदेखिएको रु. | ७१२८०।०० |
| ५९. | **२०-२०७५/०८/१७** सभापोखरी बाल संजाल लाई दराज खरीद, टेबल खरीद, बाल सचेतना कार्यक्रम संचालन, बिध्यालय स्तरीय बालक्लब शिक्षक नायक तथा प्रधानाध्यापकहरु बिच अन्तरक्रिया, छलफल, परामर्श, कार्यक्रम लगायत संचालन गर्न बाल संजाल लाई रु | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** |
| | २,००,०००।०० भुक्तानी दिएकोमा निम्न ब्यहोरा देखिएका छन :-<br>क) चेकको भुक्तानी संस्थाको नाममा दिनु पर्नेमा बाल संजालको अध्यक्ष सुनिल भट्टराईको नाममा भुक्तानी भएको मनासिब देखिएन ।<br>ख) अफिस दराज, वन्सवाल टेबल १ गरी जम्मा रु १७,०००।०० पुस्तकालय -याक २, अफिस कुर्ची गरी जम्मा रु ५०,०००।०० को संलग्न बिल अनुसारको सामानको आम्दानी कँहा बाँधीएको हो स्पष्ट नगरेकोले गाँउपालिकाले सामान खरीद लगत तयार गरी हस्तान्तरण समेतको प्रमाण पेश नभएमा असुल गर्ने रु<br>ग) लेखापरीक्षणको क्रममा छलफल गर्दा उक्त कार्यक्रम संचालन गर्ने कार्य हालै मात्र एस.ई. ई. उत्तिर्ण बिध्यार्थीबाट भएको बुझिएकोले बालबालिकाले रु २,००,०००।०० को कार्यक्रम संचालन गर्ने गरेको ब्यबहारीक देखिदैन । साथै उक्त कार्यक्रम संचालनबाट पर्ने सकारात्मक प्रभाव तथा अपेक्षित उपलब्धी एकिन हुन सक्ने आधार स्पष्ट छैन । त्यसैगरी उक्त कार्यक्रम संचालन गर्न संझौता समेत पेश नभएकोले यस सम्बन्धमा छानविन गरी एकिन गर्नुपर्दछ । | ५०,०००।०० |
| ६०. | **३१-०७५/०९/२२** रानीढुंगा आ. वि. मा जस्तापाता खरिद मर्मत उपभोक्ता समितिलाई अन्तिम बिल भुक्तानी गर्दा संझौतामा कुल लागत अनुमान १,७२,८२०।०३ रहेको मध्ये गाउँपालिकाले १,६०,०००।०० र उपभोक्ता समितिले १२,८२०।०३ अर्थात ७.४२ प्रतिशत लागत ब्यहोर्ने गरि संझौता भएको देखिन्छ । जस अनुसार उपभोक्ता समितिले ब्यहोर्ने रकम १२,८००।०० समेत १,७२,८२०।०० भुक्तानी दिँएको र सो रकममा रु.४८००।०० कन्टीजेन्सी रकम थप गरी रु १,५५,२००।०० मात्र दिनुपर्नेमा सम्पुर्ण रकम भुक्तानी दिएकोले असुल गर्नु पर्ने रु | १७,६२०।०० |
| ६१. | **३४-२०७५/०९/२३** एकथान डाइनिङ टेबल, १, ६ थान, सादा कुर्ची को रु २१,५००।०० नेपाल प्रहरी बाह्रबिसे लाई भुक्तानी दिएको छ । सम्बन्धीत कार्यालयको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण बेगर र हस्तान्तरण फाराम बेगर पत्रको आधारमा भुक्तानी गरेको मनासिब नदेखिएको रु | २१,५००।०० |
| ६२. | **३९-०७५/०९/२४** हिँसीगाँउदेखी तितेखानी सम्म सडक मर्मत योजनाको रु १४,१३,११३।४१ कार्य सम्पन्न भएकोमा गाँउपालिका बाट रु.१२,७१,१८४।०० भुक्तानी हुँदा hard rock cutting बापत प्रतिघन मिटर रु ५७०।०० का दरले १५५।२८ घ.मि. को रु ८८,५०६।७५ भुक्तानी दिएको अवश्थामा पर्याप्त पुष्टयाई एवं दर बिश्लेषण बेगर ५४५।६२ घ.मि. को प्रति घ.मि. रु १,०००।००ले ५,४५,६१८।७५ भुक्तानी चिजेलिङ भनी दिएको मनासिब देखिएन । | |
| ६३. | **५९-०७५/१०/१०** प्रगतिशिल कृषक समुहलाई माटो परीक्षण बापतको रु १,००,०००।०० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखीएका ब्यहोरा निम्न छन :<br>क) यस गाँउपालिका र उक्त समुह बिच मिति ०७५।०४।२८ को संझौता बमोजिम रु १,००,०००।०० रकम दिने गरी संझौता भएको छ । यस्तो कार्यक्रम संचालन गर्ने जनशक्ति उक्त समुहसँग भए नभएको एकिन नगरी लागत सहभागिता बेगर त्यस्ता समुह बाट कार्यक्रम संचालन हुँदा कार्यक्रमको प्रभावकारीता देखिदैन । त्यस्ता समुहले खरीद गर्ने सामानको सामुहिक तथा ब्यक्तिगत प्रयोग के हो एकिन नगरी कुनै प्रभावकारी संझौता बेगर कार्यक्रम संचालन गर्न दिने उदेश्यले दिएको छ । यसरी बाह्य समुहलाई भुक्तानी गर्ने परीपाटी नियन्त्रण गर्नु पर्ने देखिन्छ ।<br>ख)उक्त समुहले पि. एच. मिटर एक थान रु १६,०००।००माटो किट ल्याब एक सेट रु १३,०००।०० गरी जम्मा रु २९,०००।०० को सामग्री खरीद गरेकोले सो सामग्री यस गाँउपालिकामा दाखीला गरेको देखीदैन । तसर्थ त्यस्तो सामानको पहुँच, प्रयोग र अबस्था सम्बन्धमा यकिन हुने प्रमाण पेश नभएमा असुल गर्नु पर्ने रु.<br>ग) कार्यक्रम संचालन गर्दा यातायात लगायतको खर्च भरपाईबाट मात्र गरीएको, खर्चको मापदण्ड पालना नगरीएको कार्यक्रमको अनुगमन प्रतिवेदन र उक्त संस्थाको लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले कार्यक्रमको प्रभावकारीता यकिन गर्न सकिएन । | २९,०००।०० |
| ६४. | **७१-०७५/१०/२९** खाँदबारी नगरपालिकाले आयोजना गरेको भलिबल टिममा सहभागी टिम लाई खर्च भनी रु १,४०,०००।०० बिकास तामाङ लाई भुक्तानी दिएको छ । कहिले देखी कहिले सम्म उक्त प्रतियोगीता सम्पन्न भएको हो एकिन नभएको र लजिङ फुडिङ को खर्च बापत होराईजन होटलको रु ६७,६००।०० र स्मृती होटल एण्ड रेस्ट्रेन्टको रु १२,१३५।०० गरी जम्मा रु ७९,७३५।०० खर्च भएकोमा उक्त खर्च खाँदबारी नगरपालिकाले ब्यहोरे नब्योहारेको एकिन हुने प्रमाण पेश गर्नु पर्ने रु | ७९,६३५।०० |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| सि.नं. | विवरण | रकम |
| ६५. | **७९-०७५/११/०५** त्रिवेणी माध्यमिक बिध्यालय भवन निर्माण बापत कुल रु २४,९०,२३६।९७ मा रु २४,४१,१०१।४५ को कार्य सम्पन्न भएको छ । जस अनुसार यस गाँउपालिकाले तिन किस्ता बाट रु १७,०५,४२०।०० भुक्तानी दिएको छ । निर्माण सम्पन्न हुँदा AS build drawing तयार नगरेको साविक जिल्ला शिक्षा कार्यालयबाट बिनियोजन भै सम्पन्न भवन माथी ट्रस बनाई तला थप गरेकोमा नक्सा पास, भवन निर्माण सम्पन्न प्रमाण, साविकको भवनमा पहिलेको measurement नलिई निर्माण कार्य थप गर्दा दोहोरो भुक्तानी हुने सम्भाबना रहेकोले बृहत निर्माण प्रकृयामा लागत सहभागिता जनाउने सबै पक्षको कुल लागतमा हुने योगदान समेत उल्लेख गरी निर्माण कार्य गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| ६६. | **बढी भुक्तानी:** ९७-०७५।११।०६ लेब्राङ सापांगी मोटरबाटो निर्माण कार्य बापत नरम तथा कडा माटो ३७४७।४४ घन मिटर को प्रति घन मिटर रु ७९।१० को दरले रु २,९६,३४५।९७ नरम र मध्यम ढुंगा १२५।८९ घन मिटरको प्रति घन मिटर रु १५८।२० को दरले रु १९,९१५।१३ मुल्यांकन भएको छ । त्यसै गरी कडा चट्टान कटिङ बापत रु.१३४।३८ घन मिटरको प्रति घन मिटर रु ६४४।१० को दरले रु.८६,५५३।१९ र धेरै कडा चट्टान ८१।५६ घन मिटरले प्रति घन मिटरको रु ११३० को दरले रु.९२,१६०।८२ गरी जम्मा रु.४,९४,९७५।११ मुल्याँकन भएको छ । उक्त निर्माण कार्यको लागी उपभोक्ता समिति ले कार्य सम्पन्न प्रतिवेदन अनुसारको अलंकृत कन्स्ट्रक्सन को रु.४,९४,९७५।००को बिल राखेको छ । तर सोही कन्स्ट्रक्सनको मेशिन अपरेटरको रेकर्डमा उक्त कन्स्ट्रक्सनले ११० घण्टा बकेट मात्र चलाएको उल्लेख छ । यसरी बकेट मात्र चलाएको अबश्थामा कडा ढुंगा र धेरै कडा ढुंगा फिल्डमा भएको भन्न मिल्दैन । तसर्थ सबै कडा चट्टान र धेरै कडा चट्टान लाई नरम तथा मध्यम ढुंगा मान्दा कडा चट्टान १३८।३८ घन मिटरको बढी दर रु.४८५।९ले रु.६७,२३८।८४ र धेरै कडा चट्टान ८१।५६ घन मिटरको प्रति घन मिटर बढी रु.९७१।८० को दरले रु.७९,२६०।००गरी जम्मा रु १,४६,४९८।८४ उपभोक्ता समिति लाई बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. | १,४६,४९८।८४ |
| ६७. | १३६-०७५/१२/१४ देउराली मगरगाउँ वडा कार्यालय मोटरबाटो निर्माण कार्यको लागी उपभोक्ता समिति लाई रु ७,४३,७९४।२८ को कार्य सम्पन्न प्रतिवेदन अनुसार रु ६,६५,६१४।०० गाँउपालिकाले लागत ब्यहोरेको छ । उपभोक्ता समितिले अलंकृत कन्स्ट्रक्सन (६०६३१२११०) को बिल अनुसार उक्त कन्स्ट्रक्सन लाई रु.७,४३,७९४।२८ भुक्तानी गरेको छ । उक्त कन्स्ट्रक्सनको मेशिन अपरेटरको लागतमा उक्त कार्यका लागी १०५ घण्टा बकेट चलेको उल्लेख छ । यसरी बकेटले नरम र कडा माटो एबं नरम र मध्यम प्रकृतिको ढुंगा खनेको अबस्थामा कार्यालयले कडा ढुंगा कटिङ बापत ८२।५२ घन मिटरको प्रति घन मिटर ५७०।०० ले रु.४७,०३३।५५ र धेरै कडा चट्टान कटिङ बापत प्रति घन मिटर रु.१,०००।०० का दरले ६.३२ घन मिटरको रु ६,३१५।००मुल्याँकन गरी भुक्तानी दिएको छ । तसर्थ उक्त कडा र धेरै कडा चट्टान लाई नरम र मध्यम मान्दा बढी भुक्तानी हुन गएको चट्टान तर्फ रु ३५,४७५।०० र धेरै कडा चट्टान तर्फ रु ५,४३२।२० गरी जम्मा असुल गर्नु पर्ने रु. | ४०,९१०।२० |
| ६८. | ८०-०७५/११/०५ चालिसे निपाने सडक मर्मत ग्राभेल बापत कुल लागत रु ५,३६,८०४।५४ मध्ये गाँउपालिकाले रु.५,००,०००।०० ब्यहोर्ने गरी उपभोक्ता समिति सँग संझौता भएकोमा कार्य सम्पन्नको बखत रु.५,४०,४५७।६२ सम्पन्न भए अनुसार उपभोक्ता समिति लाई रु ४,८४,४९८।०० भुक्तानी हुँदा सभाखोला नदीबाट औषतमा ३ किलोमिटर टाढा रहेको सडकमा ग्राभेल गर्ने कार्य बापत प्रति घनमिटर रु ११०।०० ले ५.१८७७ किलोमिटरको लीड दिएको छ । यसरी औषत भन्दा २.१८७७ किलोमिटर बढी दुरी कायम गरी दर बिष्लेषण गर्दा प्रति घन मिटर सब बेस (नदीको बालुवा मिसिएको गिटी मा रु.२४०।६५ ले कुल ८७।८४ घनमिटरको रु २१,१३८।४३ चालिसे निपाने सडक मर्मत उपभोक्ता समिति लाई बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु. | २१,१३८।४३ |
| ६९. | स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रका बिषयमा स्थानिय स्तरको बिकासका लागी आबधिक, बार्षिक, रणनितिगत बिषय क्षेत्रगत, मध्यमकालिन तथा दिर्घकालिन बिकास योजना बनाई लागु गर्नु पर्ने र त्यस्ता योजना बनाँउदा आर्थिक बिकास तथा गरीबि निवारणमा प्रत्यक्ष योगदान पुग्ने ,उत्पादनमुलक र छिटो प्रतिफल दिने प्रकृतिका योजनामा खर्च गर्नु पर्ने ब्यबस्था छ । त्यस गाँउपालिकाले बिगतमा निजि स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त भएका सामुदायिक बिध्यालयका देहायका ५ जना शिक्षकको तलब बापत दिर्घकालिन दायित्वलाई ध्यान नदिई नियुक्त गरी गाँउपालिकाले भुक्तानी | |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | दिएको मनासिब नदेखिएको रु. | ९३६०००.०० |

| क्र.स | शिक्षकको नाम | अध्ययनको विषय | मासिक पारीश्रमिक र सुबिधा | बार्षिक पारीश्रमिक र सुबिधाभुक्तानी रु | बिध्यालयको नाम |
|---|---|---|---|---|---|
| १. | हर्क बहादुर योङहाङ | बिज्ञान र गणित | १८,०००।०० | २,३४,०००।०० | हिम मा.बि. स्वाची |
| २. | हर्कमान तामाङ | सामाजिक | १८,०००।०० | २,३४,०००।०० | कैलाश मा.बि. पावा |
| ३. | चन्द्र बहादुर बिश्वकर्मा | अंग्रेजी | १२,०००।०० | १,५६,०००।०० | जालपा आ.बि. खेवारीङ |
| ४. | संजिब राई | नेपाली | १२,०००।०० | १,५६,०००।०० | सिँहदेवी आ.बि सिकिदिम |
| ५. | अस्मीता गदाईली का.पा. निर्णय मिति २०७५।०८।१८ | सामाजिक | १२,०००।०० | १,५६,०००।०० | त्रिवेणी मा.बि. बाह्रबिसे |
| | | | ७२,०००।०० | ९,३६,०००।०० | |

७०. **फजुल खर्च:** गाँउपालिकाले दिर्घकालिन रुपमा स्रोत परीचालन हुने गरी आर्थिक रुपमा आत्मनिर्भर हुने किसिमले न्युन खर्च बाट अधिक उपलब्धी हासिल हुने गरी खर्च गर्नु पर्नेमा न्युन रुपमा रहेको आन्तरीक स्रोतबाट पदाधिकारीको सुबिधा, कर्मचारी प्रोत्साहन भत्ता, भ्रमण खर्च जस्ता शिर्षकमा देहाय अनुसार खर्च गरेको मनासिब देखिएन ।

| क्र. स. | शिर्षक | संख्या | प्रतिब्यक्ति खर्च | जम्मा रु |
|---|---|---|---|---|
| १. | पदाधिकारी चाडपर्ब खर्च | ३३ | १०,०००।०० | ३,३०,०००।०० |
| २. | कर्मचारी प्रोत्साहन भत्ता | | | ६,५०,०००।०० |
| ३. | करारका कर्मचारीको पोशाक तथा महंगी भत्ता | | | ३,५०,०००।०० |
| ४. | निजि सचिवको पारीश्रमिक | | | ३,००,०००।०० |
| ५. | फुटकर खर्च तथा थप भ्रमण खर्च | | | १,००,०००।०० |
| ६. | पुँजिगत खर्च तर्फ रु | | | १७,३०,०००।०० |

७१. **सोझै खरिद:** सार्वजनिक खरीद नियमावली ,२०६४ को नियम ८६ मा सोझै खरीद गर्नु अघि एकिन गर्नु पर्ने कुरा उल्लेख गरेको छ । सोही नियमावलीको नियम ८५(१) ख मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी रु ५ लाख भन्दा बढी रकमको वा एउटै ब्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरीद गरीने छैन भन्ने ब्यवस्था छ । सभापोखरी गाँउपालिकाले यो बर्ष देहाय अनुसारको सामान पटक पटक सोझै खरीद गरी देहाय अनुसार भुक्तानी गरेको मनासिब देखिएन ।

| क्र. स. | भौचर नं र मिति | योजना तथा कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम र ठेगाना | भुक्तानी रकम मु.अ.कर सहित | कार्य सम्पन्न रकम रु | पान नं |
|---|---|---|---|---|---|---|
| १. | १४.२०७५।०७१४ | बाह्रबिसे बजार तटबन्ध निर्माण | क्लोभरलिफ इन्जिनियरीङ | ४४१८३०।०० | ४४,१८३०।०० | ६०५९४६६९५ |
| २. | २५।२०७५।०९।०३ | फर्निचर खरदि टेबल कुर्सी -याक | पुजा आधुनिक फर्निचर उध्योग | ७४,०१५।०० | ७४,०१५।०० | ३०००१९२९२ |
| ३. | २६।२०७५।०९।०९ | टेबल | इमानुएल फर्निचर उध्योग | ४२,५००।०० | ४२,५००।०० | ६०६०३०३६२ |

| सि.नं. | विवरण | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | ८१।२०७५।११।०५ | फर्निचर टेबल कुर्सी | सक्षम फर्निचर उध्योग | ६३,०००।०० | ६३,०००।०० | ६०६००६९१५८ |
| ५. | १०२।२०७५।११।१२ | मेशीनरी औजार कम्प्युटर र प्रिन्टर एक एक थान | बज्र ट्रेड खाँदबारी | १,२५,४३०।०० | १,२५,४३०।०० | ६००००६१३८ |
| ६. | ११५।०७५।११।१५ | स्कुटर खरीद एक सेट( एप्रोलिया स्कुटर) | केशरीचन्द वनवारीलाल एण्ड कम्पनी प्रा.लि. | २,४०,९००।०० | २,४०,९००।०० | ६०४२७४०६७ |
| | | | जम्मा रु. | ९,८७,६७५।०० | | |

७२. **बिनियोजन बेगर खर्च :** गाँउपालिकाले बिगतको आर्थिक बर्षमा शुरु गरीएका तर बिभिन्न कारणबश सोही आर्थिक बर्षमा सम्पन्न हुन नसकेका बिभिन्न योजनाहरुको यो बर्ष भुक्तानी गर्दा क्रमागत योजनाको लागी छुट्टै कार्यक्रम स्विकृत गरी बजेट ब्यबस्था गरी सो अनुसार सम्पन्न भएपछी बिनियोजन बजेट बाट खर्च गर्नु पर्नेमा बिनियोजन बेगरका देहायका १२ योजनामा रु.५७,५८,९९०।०० खर्च गरेको नियमित नदेखिएको रु.

रकम: ५७५८९९०।००

| सि.न. | कार्यक्रमको नाम | रकम रु |
|---|---|---|
| ०१. | महिला लक्षित कार्यक्रम | ३,३५,०००।०० |
| ०२. | आदीबासी जनजाती कार्यक्रम | ७,००,०००।०० |
| ०३. | गाँउपालिका पार्श्वचित्र तयारी | ६,३५,०००।०० |
| ०४. | सभाखोला लंखुवाखोला भोटीखोला डि. पि. आर. तयारी | ४,४१,९००।०० |
| ०५. | युवा शशक्तिकरण कार्यक्रम | ३,००,०००।०० |
| ०६. | नयाँ बस्ती सडक योजना साझेदारी | १३,३३,८७३।०० |
| ०७. | त्रिवेणी मा.बि.निर्माण योजना साझेदारी | १७,४३,१६५।०० |
| ०८. | बालबालिका लक्षित कार्यक्रम | १,००,०००।०० |
| ०९. | दिंला खोला देखी चिण्डेखोला बाटो मर्मत | ८,०५२।०० |
| १०. | स्वास्थ्य चौकी बाह्रबिसेको भवन निर्माण जग्गा खन्ने कार्य | ४५,०००।०० |
| ११. | शिव मन्दिर निर्माण वडा नं १ वडा कार्यालय छेउ | ६७,०००।०० |
| १२. | वडा न. १ देउराली डके सडक मर्मत | ५०,०००।०० |
| | जम्मा | ५७,५८,९९०।०० |

७३. **न्युन प्रतिस्पर्धामा ठेक्का:** डके बाह्रबिसे सडक निर्माण (पहिलो खण्ड) खाँदबारी देखी डके सम्म साविकको जिल्ला बिकास समिति अन्तरगत S.N.R.T.P भन्ने योजना बाट करीब १७ कि.मि. सडक निर्माण भएको र उक्त योजना हाल पुर्वाधार बिकास कार्यालय संखुवासभाबाट निर्माण कार्य भइरहेकोमा डके ०+००० देखी बाह्रबिसे ९+३२८ को डक स्तरोन्नतीका लागी ओटासिल सडक निर्माण गर्नका लागी यस गाँउपालिका बाट यो बर्ष कुल १५,२०,२९,५९३।३९ रकमको डि .पि. आर. स्विकृत भएको छ । जसअनुसार अर्थ वर्क, सव वेस, वेस र सोल्जर निर्माण गरी बिटुमिन लगाई स्ट्रक्चर समेत निर्माण गरी ट्राफिक साइन समेतको पुर्ण सडक निर्माण गर्ने गरी उपरोक्त लागत अनुमान तयार गरीएको छ । यसका लागी यो बर्ष गाँउपालिका अनुदान बाट रु १,५०,००,०००।०० प्राप्त भएकोमा ०+००० देखी ४+६६० सम्म अर्थ वर्क स्ट्रक्चर, ढुंगा सोलीङ ग्याविन वाल समेत लगाउने र सव ग्रेड लगाउने गरी कुल लागत अनुमान रु १,४९,९९,७४९।४४ स्वीकृत गरेको छ । सोही सडकको ४+६६० देखी ९+३२८ सम्म प्रदेश नं १ बाट अलग रु.१,५०,००,०००।- विनियोजन भए अनुसार रु.१४९,९९,२५५।११ लागत अनमान तयार गरी निर्माण प्रकृया अगाडी बढाएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

७३.१. क) चेनेज ०+००० देखी ४+६६० सम्म निर्माण गर्न प्रथम पटक डके देखि देउराली सम्म सडक स्तरोन्नती गर्न नयां पत्रिका दैनिकमा मिति २०७५।१०।२७ सूचना प्रकाशन गरे अनुसार

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | वोलपत्र ५६ विकी भएकोमा एक वटा मात्र दर्ताहुन आएको,वालाली निर्माण सेवाको रु.१,४९,४०,९०६।४३ को वोलपत्र लागत अनुमानकै नजिक रहेको, प्रतिष्पर्धा नभएको भनि गुनासो आएको समेत बाट प्रमुख प्रशासकिय अधिकृतको मिति २०७५।१२।१९ को निर्णयले वोल पत्र रद्ध गरेको देखिन्छ । साविकमा यस कार्यालयमा कार्यरत रहेका अ.स.ई ईन्द्र कुमार राईको श्रीमति मीरा मगरको नाममा रहेको वालाली निर्माण सेवा (६०५८८७४९१) को एकमात्र वोलपत्र दाखिला भएको र मिलो मतोको सम्भावना रहेको देखिन्छ । पुन दोस्रो पटक मिति २०७५।१२।२७ मा नागरिक दैनिक मा सूचना प्रकासन गरि ई विड समेत बाट प्रतिष्पर्धा गराउंदा समेत सवै भन्दा घटी अर्थात ०.५ प्रतिशत रु.१४५,५१,१४४।८२ कवोल गर्ने वालाली निर्माण सेवाकै वोलपत्र स्विकृत हुन पुगेको छ । यस प्रकार जुन उद्देश्यले पहिलोपटक वोलपत्र रद्ध गरिएको थियो सोहि अनुसार दोस्रो पटक पनि प्रतिष्पर्धा भएको देखिदैन । कार्यालयमा कार्यरत कर्मचारीकै निर्माण कम्पनीबाट काम गराउंदा विवाद हुन पुगेकोले बिबाद हुने अवस्था नआउने तर्फ समयमै ध्यान दिनु पर्ने देखिन्छ । निज निर्माण सेवा संग भएको सम्झौता अनुसार मिति २०७६।७।१५ सम्म काम सम्पन्न हुनु पर्नेमा २०७६ आषाढ मसान्त सम्म जम्मा ७५ प्रतिशत काम सम्पन्न भएकोले समयमा कार्ययोजना अनुसार कार्य सम्पन्न गराउन पहल गर्नु पर्ने देखिन्छ । | |
| ७३.२. | ख) चेनेज ४+ ६६० देखि ९+३२८ सम्म स्ट्रक्चर निर्माण र सव वेस समेतको कार्यको लागी प्रदेश न. १ बाट रु १,५०,००,०००।०० विनियोजन भए अनुसार नयाँ पत्रिका दैनिकमा ०७५।१०।२७ मा सुचना प्रकाशन गरे अनुसार ५५ वटा बोलपत्र बिक्री भएको र एक मात्र एस.बि. कन्स्ट्रक्सनको बोलपत्र दर्ता हुन आएको , इबिडिङको प्रकृया नपुगेको र बिबाद समेत भएकोले मिति २०७५।१२।१९ को प्रमुख प्रशासकिय अधिकृतको निर्णयबाट बोलपत्र रद्ध गरेको देखिन्छ । पुन : दोश्रो पटक नागरीक दैनिकमा सुचना प्रकाशन गरी ३ वटा खुला बोलपत्र बिक्री भएको र १ वटा इबिडिङ मार्फत समेत ४ वटा बिक्री भएकोमा २ खुला र १ इबिडिङ मार्फत गरी तीनवटा बोलपत्र बिक्री भएकोमा सबैभन्दा घटी एस.बि. कन्स्ट्रक्सनको रु १,४१,७५,०१७।८५ को बोलपत्र स्विकृत भएको छ । जस अनुसार पहिले दर्ता गर्ने बोलपत्र दाताकै दोश्रो पटक पनि बोलपत्र दर्ता भएको देखिन्छ । यसले गर्दा बोलपत्र प्रकृयामा कुनै न कुनै किसिमको मिलेमतो रहेको देखिन्छ । उक्त कार्यको लागी रु.२१,२६,०००।०० पेश्की दिएकोमा पेश्की ग्यारेन्टी नलिई पेश्की दिएको मनासिब देखिएन । लेखापरीक्षण अवधि २०७६।०६।०५ सम्म उक्त निर्माण कार्यको लागि रु १,१०,०७,२४२।०० भुक्तानी भएको छ । प्रदेश सरकारबाट प्राप्त रकम खर्च नभई बर्षको अन्त्य सम्म रु.३९,९२,७५८।०० बाँकी रहेकोले सो रकम अबिलम्ब प्रदेश संचित कोष खातामा जम्मा गरेको प्रमाण पेश गर्नु पर्ने र बाँकी निर्माण कार्य सम्पन्न गर्न पहल गर्नुपर्दछ । | |
| ७३.३. | ९७-०७५।११।०६ लेब्राङ मोटरबाटो निर्माण योजना रु ४,३६,५००।०० उपभोक्ता समिति मार्फत ०+५५० देखी १+२५० सम्म सडक निर्माण गर्ने योजना अन्तरगत रकम भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा अलंकृत कन्स्ट्रक्सनको (६०६३१२११०) को मिति ०७५।०८।२३ को मेशिन अपरेटरको रेकर्डमा जम्मा ११० घण्टा बकेट चलेको उल्लेख गरेको छ । सोही निर्माणको लागी उपभोक्ता समितिले सो कन्स्ट्रक्सनको बिजक नं ४ बाट बिभिन्न कटिङ बापत रु ४,९४,९७५।०० भुक्तानी भएको छ । उक्त कार्यको लागत रु ४,८५,२५१।९२ भएकोमा उक्त कार्यको मुल्यांकन हुँदा नरम र कडा माटो ३७४६।४७ घा मिटर को मु.अ. कर समेत रु २,९६,३४५।९७, नरम र मध्यम स्तरको ढुंगा कटिङ तर्फ १२५।८९ घन मिटरको मु.अ.कर समेत रु १९,९१५।१३ बकेट ले नै खन्न सक्ने भएकोले सो अनुसार मुल्यांकन भएको छ । तर सोही रकम मुल्यांकन हुँदा कडा ढुंगा १३४।३८ घन मिटर को प्रति घन मिटर मु.अ. कर समेत रु ६४४।१० ले रु ८६५५३।१९२ कडा ढुंगा चिजेलिङ भनी प्रति घन मिटर मु. अ.कर समेत रु १,१३०।०० ले ८१।३४ घन मिटरको रु ९२,१६०।८२ घन मिटर को रु.९२,१६०।८२ भुक्तानी भएकोले बकेट मात्रले खन्दा पनी काम सम्पन्न हुने स्थानमा ब्रेकर र ब्रेकर मार्फत चिजेलिङ भनी निर्माण कार्य गराएकोले मेशिन अपरेटरले उल्लेख गरे अनुसारको बकेटको कार्य भनी नरम र मध्यम ढुंगाको दरले उक्त परीमाण जम्मा २१५।९४ घन मिटरको मु.अ.कर समेत रु १५८।२० ले हुने रु ३४,१६१।७० कडा ढुंगा कटिङको जम्मा भुक्तानी रु.१,७८,७१४।०१ मा ३४,१६१।७० हटाँउदा हुने रु १,४४,५५२।३१ असुल गर्नु पर्ने रु. | १,४४,५५२।३१ |
| ७३.४. | **जिन्सी दाखिला नगरेको:** १२४-०७५।१२।११ सभापोखरी गा.पा.बालबालिका लक्षित कार्यक्रम | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** |
| | बापत सभापोखरी बाल संजाल, (अध्यक्ष सुनिल भट्टराई) लाई रु १,९४,०००।०० भुक्तानी भएको छ । सो कार्यक्रम संचालन गर्दा घर्रा सहितको टेबल १ थानको रु ६,०००।०० प्लाष्टिक वाटर फिल्टर ३० थानको प्रति थान रु १,८५०।०० ले ५५,५००।०० IDEA 32 इन्च एल.इ.डि. टि.भि. ५ थानको मु.अ.कर समेत १,४१,२५०।००खरीद गरेको तर सो सामान गाँउपालिकाको खातामा आम्दानी जनाएको छैन । उक्त सामानहरु कँहा के कुन प्रयोजन का लागी बितरण गरीएको हो । त्यसबाट गाँउपालिका एवं बालबालिकालाई के कस्तो फाइदा भयो एकिन हुने प्रमाण पेश गर्नु पर्ने समेत रु. | १,९४,०००।०० |
| ७४. | **खर्च भएर नजाने जिन्सी :** सभापोखरी महिला संजालदारा संचालित ३ महिने सिलाइ कटाई तालिम संचालनको लागी गाउ पालिकाबाट भुक्तानी दिएको रु ३,९०,०००।००बाट महिला संजालले सिता ट्रेड्सबाट खरिद गरेका ९७०००।०० का ७ वटा सिलाई मेशिन कहा कसलाई बितरण गरेको वा तालिम पश्चात गाउपालिकालाई बुझाएको भरपाई नदेखिएकोले उक्त मेशिन बितरण गरेको भरपाई पेश गर्ने वा गाउपालिकाको जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | ९७०००.०० |
| ७५. | **स्पेसिफिकेशन नभएको खर्चः सा**वजनिक खरिद ऐन २०६३ को दफा ४ (१)मा सावजनिक निकायले मालसमान, निर्माण कार्य वा सेवा खरिद् गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेशन,योजना नक्सा,डिजाइन विशेष आवश्यक्ता वा अन्य बिवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले शिवालय मन्दिर निमार्णको लागी रु ३,३४,२९०।००खर्च लेखेकोमा भद्रकाली आर्ट इटहरी सुनसरीसंग रु १,६५,०००।००मा फाईवर मुर्ति खरिद गरेकोमा उक्त मुर्ति कति साइजको के दरको वा कस्तो हो भन्ने कुनै स्पेसिफिकेशन खुलाएको देखिएन । स्पेसिफिकेशन बेगरको मुर्तिको वास्तविक लागत मुल्य एकिन यही हो भन्ने आधार प्रष्ट नभएकोले मुर्तिको स्पष्ट साइज र स्पेसिफिकेशन खुलाएको प्रमाण पेश हुनु पर्ने रु. | १६५०००.०० |
| ७६. | **आवश्यक्ता बेगरको खरिद : सा**वजनिक खरिद ऐन २०६३ को दफा ४ (१)मा सावजनिक निकायले मालसमान,निर्माण कार्य वा सेवा खरिद् गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेशन,योजना नक्सा,डिजाइन विशेष आवश्यक्ता वा अन्य बिवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले डके बजार व्यवस्थापन भनी गो.भौ.न. २८९।२०७६।३।२८ बाट रु ९५,४२८।०० को ६० वटा ठुलो डस्वीन र गो.भौ.न. २९०।२०७६।३।२४ बाट रु ४७,९१२।०० मा १०० वटा सानो डस्वीन खरिद गरेकोमा उक्त डस्वीन के कुन ठाउमा प्रयोग गरेको हो वा कहाँ रहेको छ भन्ने प्रमाण नदेखिएकोले उक्त डस्वीन को अवस्था कार्यालयले एकिन गरी कहाँ कुन ठाउमा प्रयोग भएको छ सोको प्रमाण सहितको अभिलेख र प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | ४७९१२.०० |
| ७७. | **कर दाखिला** : आयकर ऐन २०५८ को दफा ८८ अनुसार भाडा रकम भुक्तानीमा १० प्रतिशत, अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले युवा बिकास खेलकुद कार्यक्रम गर्दा वडा न. ३ बस्ने हर्क बहादुर लिम्बुको साउन्ड सिस्टम भाडामा लिई रु.६०,०००।०० भुक्तानी दिएकोमा उक्त रकममा लाग्ने अग्रीम कर कट्टी रु.६०००।०० कट्टी गरेको नदेखिएकोले असुल गरी गाउकार्यपालिका कोषमा दाखिला गर्नु पर्ने रु. | ६०००.०० |
| ७८. | **एकमुष्ट बजेटः** सावजनिक खरिद ऐन २०६३ को दफा ४ (१) मा सार्वजनिक निकायले मालसमान, निर्माण कार्य वा सेवा खरिद् गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेशन, योजना नक्सा, डिजाइन विशेष आवश्यक्ता वा अन्य बिवरणहरु तयार गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले आदिवासी जनजाती कार्यक्रम गर्न गाउँसभाबाट बिनियोजित गर्दा निश्चित योजना र कायक्रम एकिन गरी आवश्यक्ता अनुसार बिनियोजन गर्नु पर्नेमा एकमुष्ट रु ६,००,०००।०० बिनियोजन गरी टवाइलट वापत, प्रशिक्षण कार्यक्रम, भवन कलर गर्ने, र दराज कुर्ची टेवल खरिद गर्ने जस्ता कार्य गर्ने बिभिन्न कार्य गरेको देखिन्छ । यसले गर्दा कार्यक्रम वास्तविक हो भन्न सकिने प्रष्ट आधार देखिएन । अतः गाउँपालिकाले कार्यक्रमको आवश्यक्ता एकिन गरी बजेट व्यवस्थापन गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ७९. | **एज विल्ट ड्रईङ्ग** : सार्वजनिका खरीद नियमावली २०६४को नियम १२५(१)मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । यस गाउपालिका कार्यालयले कामख्य कन्स्टक्सन प्रा.लि लाई वडा न.४ को कार्यालय भवन निर्माण कार्यको सम्पन्न बिलको रकम भुक्तानी दिदा AS Built drawing वापतको रकम रु ३०,०००।०० AS | |

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | Built drawing पेश नै नभएको अवस्थामा भुक्तानी दिएकोले उक्त रकम असुल गरी गाउपालिका संचित कोषमा दाखिला गर्नु पर्ने रु. | ३०,०००।०० |
| ८०. | **आवश्यक्ता पहिचान:** सावजनिक खरिद ऐन २०६३ को दफा ४ (१)मा सावजनिक निकायले मालसमान,निर्माण कार्य वा सेवा खरिद् गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेशन, योजना नक्सा, डिजाइन विशेष आवश्यक्ता वा अन्य बिवरणहरु तयार गर्नु पर्ने ब्यवस्था छ । यस गाउँपालिकाले बिधुत बिस्तारका लागी भनि बिधुतका सामानको परिमाणको बिवरणका आधारमा रु.८१,७६,०४३।०० लागत अनुमान तयार गरी टेण्डर प्रक्रियादारा कार्यालयले घटी घटाउमा रु.६९,२७,३९९।८० मा बिधुत बिस्तारका लागी 03ujar conductor wire 21500Rm, 05ujar conductor wire 13300Rm, 8m long pole 193 र 10m long pole 80 गरि रु.५७,३७,३७०।०० fitting समान रु.११,९०,०२९।०० गरी जम्मा मु.अ. कर सहित रु. ६९,२७,३९९।०० को खरिद गरेकोमा उक्त समानको अवस्था कहाँ कुन ठाउमा प्रयोग भएको भनी बुझ्दा देखिएका ब्यहोरा देहाए अनुसार छन : | |

| सि.न. | वडा न. | ८ मी.पोल बितरण | ०३ तार बितरण | ०५ तार बिवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | - | २० | | | समरखोला ज.बि.लाई |
| २ | | - | १०००० | ३००० | रहेको |
| ३ | ३ | ६७ | | | रहेको |
| ४ | ४ | ५६ | | | रहेको |
| ५ | ५ | ४५ | | | रहेको |
| ६ | ६ | ८५ | | | रहेको |
| | जम्मा | २७३ | १००००। | ३००० | |

| | | |
|---|---|---|
| | माथि उल्लेखित बितरीत पोल प्रयोग भयो भएन वडामा कहाँ कुन अवस्थामा छन त्यसको अभिलेख रहेको देखिएन र तार खरिद जम्मा ३४८०० रिम भएको र बितरणमा १३००० मिटर मात्र गएको देखिएकोले बाकी तारको अवस्था र अभिलेख समेत पष्ट नदेखिएकोले गाउपालिकाले खरिद गरेका बिधुत बिस्तारका समानको बितरण र प्रयोगमा आएको समानको अभिलेख तयार गरी उक्त समान कहाँ कुन ठाउँमा के कस्तो अवस्थामा रहेका वा प्रयोग भएको छ सो खुलाउने, विद्युत प्राधिकरणले ग्रामिण विद्युतिकरण अर्न्तगत खर्च गर्ने रकम सो क्षेत्र र सो कृयाकलापमा भएको छ छैन, दोहोरो परे नपरेको खल्ने प्रमाण पेश गर्नु पर्ने देखिएको रु. | ६९,२७,३९९।०० |
| ८१. | **मु.अ.कर दाखिला:** आर्थिक बर्ष २०७६।७७को बजेट भाषण र अर्थ मन्त्रालयको परिपत्र अनुसार मु. अ.कर को ५० प्रतिशतले हुन आउने रकम अग्रमि कर कटटी गरी राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था गरेको छ । यस नगरपालिका कार्यायले निम्न पार्टीहरुलाई मु. अ. कर भुक्तानी दिदा अग्रीम रुपमा कट्टी गरी दाखिला गर्नु पर्ने रु.४,५७,६७१।०० दाखिला गरेको देखिएन । अत उक्त रकम राजस्व खातामा दाखिला गरी मु. अ.कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. | ४५७६७१.०० |

| सि.न. | गो.भ. न | पार्टीको नाम | मु.अ.कर रकम | ५० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| १ | २६७२०७६।३।१७ | स्मृती निमार्ण सेवा | ४४५३६३ | २२२६८१।५० |
| २ | २६९।२०७६।३।१८ | दाजुभाई निमार्ण सेवा | ४६९९७९ | २३४९८९।५० |
| | | जम्मा | | ४,५७,६७१।०० |

| | | |
|---|---|---|
| ८२. | **सिमित प्रतिष्पर्धा :** सावंजनिक खरिद ऐन,२०६३ को दफा २३६ अनुसार कुनै बोलपत्रदाताले आपसमा मिलिमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्रहरु रद्ध हुने व्यवस्था छ । कार्यालयले बोलपत्र/सिलवन्दी दरभाउपत्रको आधारमा ४ वटा ठेक्का व्यबस्था भएकोमा उदारणको लागि निम्न ३ ठेक्कामा बोलपत्र बिकी भएको, बोलपत्रको दाखिला निम्नानुसार देखिएकोले बोलपत्रदाता बिच लागत अनुमानको तुलनामा ५ प्रतिशत भन्दा कममा ठेक्का स्वीकृत भई न्युन प्रतिस्पर्धा भएको अवस्था छ । पर्याप्त प्रतिस्पर्धा हुने गरी पारदर्शी खरिद प्रकृया अवलम्वन गर्नुपर्दछ । | |

| ठेक्का नं. | बोलपत्र बिक्रि संख्या | बोलपत्र दाखिला संख्या | लागत अनुमान रकम | स्वीकृत रकम | लागत भन्दा न्यून घटी प्रतिशत |
|---|---|---|---|---|---|

| सि.नं. | विवरण | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| वडा न ४ कार्यालय भवन | १८ | २ | ५०२४९७९।८० | ५०२०१८४।५७ | ०.१० |

८३. **उपभोक्ता समितिको कार्य**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा डोजर,रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्नु पर्ने जटील प्रकृतिको कार्य सम्बन्धीत प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमति लिई त्यस्तो मेशिन प्रयोग गर्न सकिने उल्लेख छ ।त्यसै गरी नियम (१०)मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नु पर्ने तर कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट गराउन नपाइने उल्लेख छ । यस कार्यालयमा आ.बा. ७५।७६ मा सडक बिस्तारका काम उपभोक्ता समितिलाई दिई उपभोक्ताले उक्त काम आफै नगरी निमार्ण कम्पनीलाई दिई निमार्ण कम्पनीले नै जनश्रमदानको अंश समेतको काम गरेको मु.अ.कर बिजक जारी गरी सब कन्ट्राक्टरले नै काम गरेको केही उदाहरण देहाए बमोजिम छन् । अत कार्यालयले नियमावलीको प्रक्रिया पुरा गरी उपभोक्ता समितिलाई दिएको काम उपभोक्ता समितिबाट नै गराउन पर्ने र उपभोक्ता आफैले गर्न नसक्ने भए नियमावलीको प्रक्रिया अनुसार बोलपत्रको माध्यमबाट गराउनतर्फ ध्यान दिनु पदर्छ । उपभोक्तालाई दिएका काम निमार्ण ब्यावसायी बाट गराउने कार्य बन्द गनु पर्ने देखिन्छ ।

| योजनाको नाम | निर्माण ब्यावसायीको नाम | श्रमदान सहितको बिल रकम |
|---|---|---|
| लङदुदेखि भाङटार चप्लेवा मोटरबाटो | स्मृती निर्माण सेवा | ३७७१२३६।०० |
| लङदुदेखि खेवारिङ्ग मोटरबाटो | दाजुभाई निमार्ण सेवा | ४०८५२०८।०० |
| स्वाची देउराली मोटरबाटो | ए. टी.कन्ट्क्सन | २०९२३७५।०० |
| मयम मोटरबाटो | ए. टी.कन्ट्क्सन | १६२०४१९।०० |

८४. **कर विजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको फर्मलाई कर बीजकबाट रु.६३१५३४.३३ मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत लामो समयदेखि Non Filer रहेको तथा विजक नम्वर हातले लेखेको लगायतका कैफियत देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. — ६३१५३४.३३

| भौ.नं./मिति | फर्म | पान | विजक नं./मिति | बिल रकम - मु.अ.समेत) | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| १६,०७५/७/१४ | एम.एन.के निर्माण सेवा | ५००२१०४०६ | ४, | ३१५२७० | ३६२७० | vat मा दर्ता नभएको |
| २,०७६/३/२० | कालिका कन्स्ट्रक्सन | ३०४४६२८८० | ४४,०७६/३/१९ | २०९५५७८.२२ | २४१०८४.२२ | ird portal मा प्यान सर्च गरि हेर्दा not valid देखिएको । |
| ४७,०७५/९/२५ | कालिका कन्स्ट्रक्सन | ३०४४६२८८० | २५,०७५/९/६ | ७४७४२५.४५ | ८५९८७.०० | |
| ५२,०७५/१०/७ | कालिका कन्स्ट्रक्सन | ३०४४६२८८० | २६,०७५/१०/०६ | ३१५९३२.८६ | ३६३४६.०० | |
| ८६,०७५/११/६ | कालिका कन्स्ट्रक्सन | ३०४४६२८८० | २७,०७५/११/५ | ८६०९५१.९५ | ९९०४७.५७ | |
| १४५,०७५/१२/१४ | कालिका कन्स्ट्रक्सन | ३०४४६२८८० | ३५,०७५/१२/१२ | ४३१६१४.८ | ४९६५४.८ | |
| १९८,०७६/१/२५ | कालिका कन्स्ट्रक्सन | ३०४४६२८८० | २९,०७६/१/२१ | ८९७८२.१२ | १०३२८.९२ | |
| २१३,०७६/२/२० | कालिका कन्स्ट्रक्सन | ३०४४६२८८० | ४२,०७६/२/१२ | ४००२९१.९३ | ४६०५१.२८ | |
| २३७,०७६/२/३० | कालिका कन्स्ट्रक्सन | ३०४४६२८८० | ४३,०७६/२/२९ | २३२६४५.६२ | २६७६४.५४ | |
| | जम्मा | | | | ६३१५३४. | |

<table>
<tr><th colspan="3">बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६</th></tr>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td><table><tr><td></td><td></td><td></td><td></td><td>३३</td><td></td></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>८५.</td><td>पाईप खरिद: ३१९,२०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालयले खरिद गरी प्राप्त हुन आएको मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडागरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सुवास र्स्टोस एण्ड सप्लायर्सको विजक नं १०९,०७६।३।२६ मा २०० एम.एम. २४ मि. एच.डि.पि पाईप भ्याट सहित रु.४६१०४।०० भुक्तानी गरेकोमा उक्त पाईप प्रयोग भएको र भण्डार दाखिला भएको देखिदैन । उल्लिखित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.........</td><td>४६१०४.००</td></tr>
<tr><td>८६.</td><td>जिन्सी दाखिला: १८८,२०७६।१।२३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालयले खरिद गरी प्राप्त हुन आएको मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा ७ दिन भित्र आम्दानी बाधी श्रेस्ता खडागरी राख्नुपर्ने व्यवस्था छ । सभापोखरी गाँउपालिका महिला संजाललाई व्यवस्थापन शिर्षक अर्न्तगत २५ थान रवर कुर्सि रु.१७५००।००, फर्मवाला कुर्सी १ थान रु.५०००, टेवल २ थान रु.१०००० गरि रु.३२५००.०० को सामाग्रीवापतको रकम भुक्तानी गरेकोमा उक्त सामानहरु कार्यालयमा जिन्सी आम्दानी गरि हस्तान्तरण गर्नुपर्नेमा उक्त संस्थाले नै खरिद गरेको विजक भुक्तानी गरको पाइयो । यस्ता सामाग्रीहरु वितरणमा दोहोरोपना नहोस भन्नको लागि अभिलेख व्यवस्थापन प्रभावकारी बनाउनुपर्नेमा सो गरेको पाइएन । उक्त संस्थाको विल सोझै भुक्तानी गरेको नियम सम्मत मान्न नसकिएको रु................</td><td>३२५००.००</td></tr>
<tr><td>८७.</td><td>सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण: ३२१,२०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस वर्ष कार्यालयले सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण वडा नं ५ अर्न्तगत नापी कितावको वुँदा नं ४ अनुसार Providing lyaing, leveling अर्न्तगत लागत अनुमान १२.१७ घ.मि रहको र प्रथम रनिङ्ग विलबाट ११.०४ घ.मि. भुक्तानी भई अन्तिम नापि कितावमा १.१३ घ.मि. काम भएको देखिन्छ । तर ठेक्का विलमा ९.१९ घ.मिको मुल्यांकन गरि ८.०६ घ.मिको रु.२२४०.६८ को दरले बढी भुक्तानी भएको रु.१८०५९.८८ त्यस्तै नापि कितावको बुँदा नं ५ बमोजिम Providing lyaing 4" thick concrete (1:3:6) cement sand aggregate with omogenious mixing कार्यसम्पन्न नापि कितावमा शुन्य काम भएको देखिन्छ । तर ठेक्का विलमा ४.४६ घ.मिको मुल्यांकन गरि काम नै नभएको परिमाणको भुक्तानी भएकोले रु.१५२६०.९३ को दरले रु.६८०६३.०० बढी भुक्तानी भएको देखिन्छ । कार्यसम्पन्न भई गाउँपालिकाबाट रु.१६४९०००।०० भुक्तानी भएकोमा माथि उल्लिखित आईटममा बढी भुक्तानी भएको रु.८६१२२.०० असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु......</td><td>८६१२२.००</td></tr>
<tr><td>८८.</td><td>सभापोखरी स्वास्थ्य चौकि वर्थिङ्ग सेन्टर निर्माण: ३११,२०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले सभापोखरी स्वास्थ्य चौकि वर्थिङ्ग सेन्टर निर्माण अर्न्तगत मिति २०७४।११।१३ मा One Hardt संस्थाले रु.१२७०३७३.४३ (८० प्रतिशत) र गाँउपालिकाले रु.३१७५९३.३६ (२० प्रतिशत) व्यहोर्ने गरि सम्झौता गरेकोमा सम्पन्न गर्नुपर्ने मिति २०७५।८।१५ रहेको छ । तर कार्यसम्पन्न टिप्पणीमा उक्त कार्य सम्पन्न भएको मिति २०७६।३।३१ देखिन्छ । जसले गर्दा उक्त वर्थिङ्ग सेन्टर समयमै सम्पन्न भएको देखिदैन । कार्यालयले प्राविधिकको नापि किताव, ठेक्का विल र कार्यसम्पन्न प्रतिवेदन संलग्न नगरि योजना सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई नगरि कार्यसम्पन्न टिप्पणीबाट रु.३०११४८.०० भुक्तानी गरेको छ । यसरी प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन वेगर भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई उल्लिखित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु...............</td><td>३०११४८.००</td></tr>
<tr><td>८९.</td><td>ढुवानी कर: आर्थिक ऐन, २०७५ को दफा ४९ ले आयकर ऐन, २०५८ को दफा ८८(८) मा गरिएको व्यवस्था बमोजिम ढुवानी सेवा वापतको भाडा भुक्तानी रकममा २.५ प्रतिशतका दरले बहाल कर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले यस तपशिल बमोजिमको ढुवानी रकम भुक्तानी गर्दा तपशिल बमोजिमको ढुवानी कर कट्टी नगरेकोले असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु......<table><tr><th>सि.नं</th><th>गो.भौ.नं, मिति</th><th>भुक्तानी लिनेको नामथर</th><th>वापत</th><th>भुक्तानी रकम</th><th>२.५ प्रतिशत कर</th></tr></table></td><td>२१६२.००</td></tr>
</table>

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६**

| सि.नं. | विवरण | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | २९६,०७६/३/२५ | तिलक सुव्वा को २ त ९४१३ | सभापोखरी विद्युत विस्तार योजना वडा नं ६ अर्न्तगत पोलहरु ढुवानी | ३५०००.०० | ८७५.०० |
| २ | | तिलक सुव्वा को २ त ९४१३ | | १२०००.०० | ३००.०० |
| ३ | २९९,०७६/३/२५ | साजन सुव्वा, लिम्बु | सिंहेश्वरी आ.वि. तारवार गर्ने योजना | १२०००.०० | ३००.०० |
| ४ | २३८,०७६/२/३१ | ओमकार भट्टराई | डके देखी ० पोइन्ट सम्म सोलिंगमा ढुगां ढुवानी | २७५००.०० | ६८७.०० |
| | | | जम्मा | | २१६२.०० |

९०. **विद्युतको तार खरिद:** ३०५,२०७६।३।३० कार्यालयले तपशिल बमोजिमका विद्युतका सामानहरु खरिद गरि तपशिल बमोजिमका वडा अध्यक्षहरुले बुझेको देखिन्छ । तर उक्त सामानहरु प्रयोगको अवस्था एकिन नभएको र जडान भएको भए प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन समेत पेश नभएकोले उल्लिखित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु..... — ४९४९९४.८०

| क्र.स | विवरण | | | बुझिलिनेको नाम |
|---|---|---|---|---|
| १ | ०.०३ साईज १२५०० मि. विद्युतको तार | अन्नपुर्ण केवल | ४३७५९२.०० | वडा नं ३ का वडा अध्यक्ष दिल ब.तामाङ्ग ७५०० मि.र १३७ सेट, र वडा नं ६ का अध्यक्ष ५००० मि. र १५० सेट |
| २ | २८७ सेट नट वोल्ट | तिमसिना सप्लायर्स | ५७४०२.८० | |
| | जम्मा | | ४९४९९४.८० | |

९१. **लुङदु देखी खेवारिङ सम्म मोटरबाटो मर्मत:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस वर्ष कार्यालयले लुङदु देखी खेवारिङ सम्म मोटरबाटो मर्मत अर्न्तगत प्राविधिकको अन्तिम विल रु.१२८,७०५।६५ मा रु.१४०६७।७९ भ्याट रकम भुक्तानी भएकोमा उपभोक्ताले रु.६९५७।५७ को मात्र भ्याट रकमको विजक पेश गरेकोले बढी भ्याट भुक्तानी भएको रु.७११०.२२ असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु....... — ७११०.००

**प्रदेश सरकार अनुदान**

९२. **मु.अ.कर दाखिला:** आर्थिक बर्ष २०७६।७७को बजेट भाषण र अर्थ मन्त्रालयको परिपत्र अनुसार मु. अ.कर को ५० प्रतिशतले हुन आउने रकम अग्रमि कर कटटी गरी राजस्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । यस गाउपालिका कार्यालयले निम्न पार्टीहरुलाई मु. अ. कर भुक्तानी दिदा अग्रीम रुपमा कट्टी गरी दाखिला गर्नु पर्ने रु १२०५४२।००दाखिला गरेको देखिएन । अत उक्त रकम राजस्व खातामा दाखिला गरी मु. अ.कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. — १२०५४२.००

| सि.न. | गो.भ. न | पार्टीको नाम | मु.अ.कर रकम | ५० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| १ | ३।२०७६।३।२० | कालिका कन्स्टक्सन | २,४१,०८४।२२ | १,२०,५४२।०० |

९३. **लागत अनुमान र डि.पी.आरमा भिन्नता:** बाहबिसे खिलिङ पावा सडक मोटरबाटो निर्माण कार्यमा जिल्ला प्राबिधिक कार्यालय संखुवासभाले गरेको सर्भे रिर्पोटमा हार्ड रक नदेखाएको र सभपोखरी गाउपालिकाले गरेको प्राबिधिक लागत अनुमानमा एकदमै कडा ढुगा उल्लेख गरी सडक बिस्तारको काम गरी रु १८३५४८६।०० खर्च लेखेको देखिन्छ। अत यसरी एउटै स्थानमा फरक फरक प्राबिधिक रिपोट आएको देखिएकोले राज्यले लाखौ रुपैया खर्च गरी तयार गरेको डि.पी.आर. र लागत अनुमानमा फरक देखिनाको कारण एकिन गर्न सकिएन। अत यसरी फरक आउनाको मुल कारण एकिन गरी गाउँपालिकाले सडक निमाणको कार्य गर्नु पर्ने देखिन्छ

९४. **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

९४.१. गाँउपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत वेरोजगार व्यक्तिहरको लगत संकलन गरेर मात्र रोजगारमा सहभागि गराउनुपर्नेमा लगत तयार गरेको पाइएन । यसबाट रोजगार र वेरोजगार सम्बन्धमा एकिन भएको पाइएन । यस सम्बन्धमा तपशिल बमोजिमका व्यहोरा देखियो ।

९४.२. सुवास र्स्टोस एण्ड सप्लायर्स, आर्यन ट्रेडस लगायतका फर्महरुलाई विभिन्न सामाग्रि खरिद गरेवापतको अग्रिम आयकर वापतको रु.३८७४.०० र ६.५ प्रतिशत मु.अ.कर वापतको — २०६६०.००

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** |
| | रु.१६७८६.०० गरि रु.२०६६०.०० राजश्व खातामा दाखिला गर्नुपर्ने रु.......... | |
| ९४.३. | **दोहोरो भुक्तानी:** २,०७६।वेरोजगार व्यक्तिहरुलाई कम्तिमा केहि दिनको रोजगारि दिने उद्देश्यले कार्यान्वयनमा आएको रोजगार कार्यक्रममा एकै व्यक्तिलाई दोहोरो भुक्तानी गरेको देखियो । वडा नं ५ बाट सुशिल तामाङ (प्राईम वैंकको खाता नं ०६९०००८१PS) लाई ४३ दिनको रु.८५० को दरले रु.३६५५०.०० भुक्तानी भएकोमा वडा नं ६ बाट पनि निज सुशिल तामाङ (प्राईम वैंकको खाता नं ०६९०००८१PS) लाई ४२ दिनको रु.६०० को दरले रु.२५२००।०० गरि रु.६१७५०।०० भुक्तानी भएको देखिन्छ । यसरी राज्यले वेरोजगारहरुको लागि अगाडी सारेको कार्यक्रममा झुठा विवरण पेश गरि भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई निजलाई भुक्तानी गरिएको सम्पूर्ण रकम असुल गरि संघिय संचितकोष दाखिला गर्नुपर्ने रु............... | ६१७५०.०० |
| ९४.४. | **रोजगारीलाई भुक्तानी:** प्रधान्मन्त्री रोजगार कार्यक्रममा रोजगारीका अवसर प्राप्त नभएका व्यक्तिहरलाई मात्र काम दिई ज्याला भुक्तानी गर्ने उद्देश्य रहेपनि गाँउपालिकाले लगत तयार नगरि रोजगारि दिएको देखिन्छ । वडा नं ६ को कार्यालयले को २ त ९४१३ नं को ट्याक्टर संचालक तथा स्थानीय फर्निचर तथा ढुंगा गिट्टी व्यापार गर्ने तिलक सुव्वालाई वेरोजगार भनि ४२ दिनको रु.८५० को दरले रु.३५७००.०० भुक्तानी गरको पाइयो । त्यस्तै वडा नं ५ का ११५० नं ट्याक्टर संचालक साजन सुव्वा लिम्बु लाई ४३ दिनको रु.८५० को दरले रु.३६६५०.०० भुक्तानी भएको देखिन्छ । यसरी वेरोजगारको नाममा राज्यले निकासा दिएको रकमको दुरुपयोग गर्ने र वास्तविक वेरोजगार नभई अन्यलाई भुक्तानी दिनको लागि सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु...... | ७२२५०.०० |
| ९४.५. | **दैनिक ज्यालादर:** संखुवासभाको आ.व.२०७५।०७६ को जिल्ला दररेट अनुसार अदक्ष श्रमिकको रु.६१५, दक्ष श्रमिकको रु.८५० को दरले भुक्तानी गर्नुपर्नेमा रु.५८५, रु.८५०, रु.५५०,रु५२२.५०, रु.५८१.६२, रु.५५५.५५, रु.६१६, रु.६५०, रु५९६, र रु.६०० को दरले भुक्तानी गरेको देखिन्छ । जिल्ला दररेट भन्दा फरक आफ्नो वैयक्तिक विश्लेषण गरि दररेट तोकि भुक्तानी गरेकोले रोजगार कार्यक्रमले वास्तविक उपलब्धी प्राप्त गर्‍यो भन्ने कुरामा आश्वस्त हुन सकिएन । | |
| ९४.६. | **आन्तरिक लेखापरीक्षणले औंल्याएको व्यहोरा:** गिटि। वालुवा, रड, ढोका, तथा भेन्टिलेशन, ढुंगा तथा ढुवानी वापत भरपाईका आधारमा तिलक सुव्वालाई रु.१२२०००.०० भुक्तानी गरेकोमा के कति रकमको सामाग्री खरिद र कति रकम ढुवानी वापत भुक्तानी गरेको हो खुल्न आएन । यस प्रकारको खर्चलाई नियमित खर्च हो भनि मान्न सकिएन । | १२२०००.०० |
| ९५. | **राष्ट्रिय ग्रार्मिण तथा नबिकरण** | |
| ९५.१. | १।२०७६।३।५ सौर्य उर्जाबाट २० वाट बिधुत उत्पादन गर्नको लागी ४२ वटा सेट रु.४,७२,९२०।०० मा खरिद गरिएका समानहरु गुण स्तरयुक्त भएको प्रमाण पेश गरेको देखिएन र साथै ४२ बटा सोलरहरु मध्ये २२ वटा सम्बन्धित ब्यक्तीले बुझि लिएको देखिनुको साथै १९ वटा सोलर एक जना जिम्मा रेहेको देखिएकोले उक्त सोलर बितरण गरी जडान गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. | २२५२००।०० |
| ९५.२. | **आवश्यक्ता पहिचान:** ६।२०७६।३।२५ सावजनिक खरिद ऐन २०६३ को दफा ४ (१)मा सावजनिक निकायले मालसमान,निर्माण कार्य वा सेवा खरिद् गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेशन,योजना नक्सा,डिजाइन विशेष आवश्यक्ता वा अन्य बिवरणहरु तयार गर्नु पर्ने ब्यवस्था छ । यस गाउँपालिकाले बिधुत बिस्तार लागी चिण्डेखोला लघु जलबिधुत पोल खरिदयोजना लागी रु ४,३१,३१५।०० मा सिहैबाहिनी इन्जिनियरिङ्ग बक्स एण्ड इनर्जी प्रा.लि. संग गाउपालिकाले ३० वटा पोल सम्झौता बेगर खरिद गरेको देखिन्छ, । ति पोलहरुको प्रयोग सम्बन्धमा लेखापरीक्षणको क्रममा छलफल हुँदा उक्त पोलहरु हाल सम्म जडान समेत नगरी उपभोक्ता समितिका अध्यक्ष जिम्मा रहेको भन्ने बुझिन्छ । यसरी कामको एकिन नगरी समान खरिद गरी भुक्तानी गरेको रकम कानुन सम्मत देखिएन । अत यसरी खरिद भएका उक्त पोलहरु प्रयोग भएको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. | ४,३१,३१५।०० |
| ९६. | **एक गाँउ एक उत्पादन कार्यक्रम :** नेपाल सरकारको एक गाउ एक एत्पादन कार्यक्रम सञ्चालन गर्न देशभरकासबै जिल्लाहरुको साविक गा.बि.स.मा खटिएका कृषि प्राबिधिकहरुलाई बिगत वर्षहरु देखि नै प्रदान भई आएको सेवामा निरन्तरता दिन व्यवस्था भएकोमा यस | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| सि.नं. | विवरण | रकम |
| | नगरपालिका अन्तरगत साविकमा ३ वटा गा बि. स रहेकोमा हाल २ मात्र कृषि प्राबिधिक कार्यरत रहेको देखिएकोले उक्त कार्यक्रम संचालन भई लक्ष्य अनुसारको प्रभावकारीता हासिल गरेको छ भन्ने स्पष्ट आधार देखिएन । | |
| ९७. | **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१).मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसमानको स्पेशिफिकेशनको अधिनमा रही तयार गनु पर्ने व्यवस्था छ । यस कार्यालयले लागत अनुमान बेगर साझै कोटेशनदारा ५ वटा हाते टयाक्टर ५० प्रतिशत अनुदान कार्यक्रमा नेशनल एग्रीकल्चर प्रा.लि. संग खरिद गरेकोमा उक्त समानको कोटेशन माग्दा ढुवानी समेत समापेश गरी लागत अनुमान तयार गरी कोटेशन माग्नु पर्नेमा सो नगरी पछि थप ढवानी भनी रु ४०,०००।०० खर्च लेखेको देखिएकोले नियम संगत मान्न सक्ने आधार देखिएको रु. | ४०,०००।०० |
| ९८. | **झोलुंगे पुल कार्यक्रम** | |
| ९८.१. | **भुक्तानीमा कर कट्टी नभएको :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकमको भुक्तानीमा १५ प्रतिशत कर लाग्ने कानुनी व्यवस्था छ । यस कार्यालयले समाज सेवा बिकास केन्द्र ( साडेक) संखुवासभा लाई गो.भौ.न. ३।२०७६।२।९बाट सेवा शुल्क वापत भुक्तानी दिएको रु ७३,२७८।०० को १५ प्रतिशतका दरले हुन आउने रु.१०९९१।०० कर कटटी गरी दाखिला गरेको देखिएन । अत उक्त रकम सम्बधितबाट असुल गरी राजस्वमा दाखिला गर्नु पर्ने देखिएको रु. | १०९९१।०० |
| ९८.२. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका योजना, आयोजनाको अनुगमन तथा मुल्याङ्गन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । यस गाउपालिकाको थेवावुङ झोलुंगे पुल निर्माणको कार्य सम्पन्न भई अन्तिम बिलको रकम समेत भुक्तानी भएको अवस्थामा गाउपालिकाबाट उक्त कार्य ड्इङ्ग डिजाइन र लक्ष्य अनुसार सम्पन्न भएको छ छैन भनी अनुगमन गरेको देखिएन । अनुगमन कार्य बेगर भुक्तानी गरेका योजनाहरुको वास्तविक काय भएको छ भन्ने आधार देखिएन । गाउपालिकाले आफनो क्षेत्रभित्र संचालन भएका योजनाको अनुगमन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| | **स्वास्थ्य तर्फ** | |
| ९९. | **अभिलेख व्यवस्थापनः** स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७५।७६ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **शिक्षातर्फ** | |
| १००. | **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी, अस्थायी, दरवन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता राखेको देखिएन । विद्यालयहरुलाई प्रथम दोश्रो र तेश्रो गरी तलव भत्ता स्वरुप जाने निकासाहरुको कम्प्यूटर सफ्टवेयरबाट अभिलेख राखेको भएतापनि विभिन्न कारणले चौमासिक छुट निकासा तथा सबै अनुदान र अन्य निकासा हुने सबै अनुदानहरु सफ्टवेयरबाट देखाउने गरेको देखिएन । यसरी छुट निकासा तथा सबै अनुदानहरु सफ्टवेयरमा नदेखाउने भएकोले थप निकासाका रुपमा जाने तलव भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत रुपमा गएको निकासा रकमको स्थिती स्पष्ट हुन सकेन । विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| १०१. | **दरबन्दी मिलान :**शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस गाउपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि. नि.मा.वि. मा.बि. मा राहत समेत गरी जम्मा १२० जना दरवन्दी मौज्दात देखिएता पनि गाउपालिकाले विद्यालयको अवस्था ,विद्यार्थीको, अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर गाउपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था देखिएन । | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** |
| १०२. | **बिधार्थी अनुपात :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । विद्यालयहरुको प्राप्त तथ्यांक अनुसार यस गाँउपालिका क्षेत्रभित्र २८ विद्यालय, १२० शिक्षक र २४४२ विद्यार्थीहरु रहेको देखियो । समग्रमा हेर्दा १ शिक्षक वरावर २०.३५ विद्यार्थीहरु रहे पनि इकाईगत रुपमा शिक्षक विद्यार्थी अनुपात १० भन्दा कम रहेको देखिन्छ । गाउपालिका कार्यालयले आफनो क्षेत्रभित्र बिधालयहरुको अनुगमन गरी बिधार्थी अनुसार शिक्षक दरबन्दी मिलान गरेको देखिएन । बिधार्थी शिक्षक अनुपात कम देखिएका केही उदाहरणहरु देहाय अनुसार रहेको छ । | |

| विद्यालय | शिक्षक संख्या | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|
| श्री सरस्वती आ.बि. लुम्किया | १ | ५ | ५ |
| श्रीकालिका आ.बि. कोक्तासी | २ | ५ | २.५ |
| श्रीकालिका आ.बि. सेनम | १ | १० | १० |
| श्री रानीढुगा आ.बि फुकाम | ३ | २१ | ७ |
| श्री सिहदेवी आ.बि.सिबेक्पा | ३ | ४ | १.४ |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १०३. | **तलबी प्रतिबेदन पारित नगरेको:** शिक्षा नियमावली, २०५९ अनुसार गाउपालिकामा कायम रहेका विद्यालयहरुमा कार्यरत सम्पूर्ण शिक्षकहरुको तलवी प्रतिवेदन विद्यालय शिक्षक कितावखानाबाट पारित गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिकामा कायम रहेका २८ वटा विद्यालयमा कार्यरत १२० शिक्षकको आ.व. २०७५।७६ को तलवी प्रतिवेदन पारित गरेको नदेखिएकोले कार्यालयले विद्यालयगत रुपमा निकासा दिएको रकम वास्तविक निकासा दिनु पर्ने हो होइन भनी एकिन गर्न सकिने अवस्था देखिएन । | |
| १०४. | **बिधालयलाई बढी निकासा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) र ३६(८) मा बजेट खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नु पर्ने , कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। यो वर्ष कार्यालयले तपसिलका विद्यालयमा शिक्षकको तलव भत्ता निकासा दिदा निकासा पाउने भन्दा बढी भुक्तानी दिएको रु.५,२७,७९९।०० असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | ५,२७,७९९।०० |

| सि.न | बिधालयको नाम | किस्ता | गएको रकम | जानु पर्ने रकम | बढी सकम |
|---|---|---|---|---|---|
| १ | हिम मा.बि. स्वामी | तिनमा | ३०२५५४५ | २९०२७४७ | १,२२,७९९।०० |
| २ | सरस्वती मा.बि. लुकिम्वा | प्रथम | १६९६५० | १५४६५० | १५०००।०० |
| ३ | जलेश्वर आ.बि चप्लेवा | प्रथम | १६९६५० | १५४६५० | १५०००।०० |
| ४ | सिद्रीढुगा आ.बि देउराली | प्रथम | १६९६५० | १५४६५० | १५०००।०० |
| ५ | कालिका आ.बि सेनम | प्रथम | १६९६५० | १५४६५० | १५०००।०० |
| ६ | शारदा आ.बि. | प्रथम | १३४८२१० | १३२८२१० | २००००।०० |
| ७ | जाल्पा आ.बि खेवारिङ | प्रथम | ६४९१०० | ६२९१०० | २००००।०० |
| ८ | प्रकाश आ.बि.फाकुवा | प्रथम | ४६४९६० | ४४९९६० | १५०००।०० |
| ९ | रानीढुगा आ.बि काफुवा | प्रथम | ४४३८६० | ४२३८६० | १५०००।०० |
| १० | सिहेंश्वरी आ.बि. फुकाम | प्रथम | ५३३१३१ | ५१८१३१ | १५०००।०० |
| ११ | सिहेंश्वरी आ.बि. सिकिदम | प्रथम | ६४९१०० | ६२९१०० | १५०००।०० |
| १२ | कालिका आ.बि. लेवाङ्ग | प्रथम | ८४२७१४ | ८२७७१४ | १५०००।०० |
| १३ | जनता आ.बि तल्लो धुपु | प्रथम | ५२११६० | ५०६१६० | १५०००।०० |
| १४ | जनजागृती आ.बि.माथिल्लो धुपु | प्रथम | ५५७८५२ | ५४२८५५ | १५०००।०० |
| १५ | मंगलादेबि आ.बि गोठगाउ | प्रथम | ५१५०७१ | ५०००७१ | १५०००।०० |
| १६ | जनहित आ.बि नोक्लुङ्ग | प्रथम | ४३२२८९ | ४११२८९ | २००००।०० |
| १७ | कालिका आ.बि.अलैचे | प्रथम | ५४१५०१ | ५२६५०१ | १५०००।०० |
| १८ | सिहें आ.बि .सिवेक्पा | प्रथम | ४०९८५० | ३८९८५० | २००००।०० |

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६**

| सि.नं. | विवरण | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | जनसेवा आ.बि. सिचुवा | प्रथम | ३२९७९० | ३०९७९० | २००००।०० |
| २० | सिदार्थ आ.बि. इर्थम्बु | प्रथम | २८८५०० | २६८५०० | २००००।०० |
| २१ | पञ्चज्योती आ.बि. हुत्तिखिम | प्रथम | ५०२७१० | ४८७४१० | १५०००।०० |
| २२ | सभापोखरी आ. बि. आपुङ्ग | प्रथम | ३०५३०७ | २८५३०५ | २००००।०० |
| २३ | शिलापत्थर आ.बि. खिलिङ्ग | प्रथम | ५१८९७५ | ५०३९७५ | १५०००।०० |
| २४ | जाल्पा आ.बि.हरेलोडाडा | प्रथम | २०८४४० | १८८४४० | २००००।०० |
| २५ | कालिका आ.बि. कोक्तासी | प्रथम | २९१००० | २७१००० | २००००।०० |
| | जम्मा | | | | |

१०५. **अवकास शिक्षकको तलब भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) र ३६(८) मा बजेट खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नु पर्ने, कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले तपसिलका विद्यालयमा कार्यरथ शिक्षकहरु मिति २०७५।१२।१५ देखि, अवकाश भएकोमा कार्यालयले अवकाश पछिको आधा महिनाको तलव भत्ता निकासा दिएको देखिएको रु.६०४२५।०० असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने देखिएको रु..... — रकम: ६०४२५।००

| सि.न. | शिक्षकको नाम | बिधालयको नाम | जानु पर्ने रकम | गएको रकम | बढी रकम |
|---|---|---|---|---|---|
| १ | श्री महेन्द् आले | श्री कैलाश मा.बि | १२०८५ | २४१७० | १२०८५ |
| २ | श्री अस्मिता राई | श्री जालपा आ.बि. | १२०८५ | २४१७० | १२०८५ |
| ३ | श्री राधिका सेउचुरी | श्री कैलास आ.बि. | १२०८५ | २४१७० | १२०८५ |
| ४ | श्री गोपाल चमेकार | श्री कालिका आ.बि | १२०८५ | २४१७० | १२०८५ |
| ५ | श्री देबेन्द्र सुबेदी | श्री सरस्वती आ.बि. | १२०८५ | २४१७० | १२०८५ |
| | | | | | ६०४२५।०० |

१०६. **पोशाक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) र ३६(८) मा बजेट खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नु पर्ने, कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस बर्ष कार्यालयले गाउपालिका अन्तरगत कायरथ रहेका शिक्षकलाई कार्यालयको अभिलेख अनुसार १२० शिक्षकको दरबन्दीमा ११२ जना मात्र कायरथ रहेको देखिन्छ । कार्यालयले पोशाक खर्च लेख्दा १२० जनाको निकासा दिएको देखिएकोले कार्यालयले कुन बिधालयलाई बढी खर्च लेखेको हो एकिन गर्न सकिएन अत कार्यालयले बढी भुक्तानी लेखेको बिधालय एकिन गरी रु.८०,०००।०० सम्बन्धित बिधालयबाट असुल गरी संचितकोष दाखिला गर्नु पर्ने देखिएको रु. — रकम: ८०,०००।००

१०७. **अनुगमन नगरेको:** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्ष तथा मानवस्रोत केन्द्र पठाउने ब्यवस्था छ । यस सभापोखरी गाउपालिकाले आ.वा. २०७५।७६ अनुदान दिएका केही उदाहरण निम्न छन । अत बिधालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए,नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन र बिधालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भन्ने बिश्वस्त हुने आधार देखिएन । गाउपालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी कार्यक्रम कार्यान्वयन गराउन तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

| सि.न. | कार्याक्रमको नाम | बिधालयको नाम | रकम |
|---|---|---|---|
| १ | बिज्ञान प्रयोगशाला निर्माण | श्री हिम मा.बि.स्वामी | ६५००००।०० |
| २ | त्रिवेणी मा. बि. आइ.सि.टी प्रयोगशाला निर्माण | त्रिवेणी मा. बि. | ६५००००।०० |

१०८. कार्यक्रम कार्यान्यिन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७७० मा उल्लेख गरे बमोजिम बुक कर्नर ब्यवस्थापन गर्न कक्षा १-५ को लागी १,९४,८५०।०० कक्षा ६-१० को लागी २,३६,०००।०० र कक्षा ११-१२ को लागी २०२५०।०। गरी जम्मा रु ४,५१,१००।०० अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन ।

<table>
<tr><th colspan="3">बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६</th></tr>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>अत कार्यालयले अनुगगमन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०९.</td><td>पाठ्य पुस्तक खर्च : यस गाउपालिका कार्यालयले २८ वटा बिधालयमा पाटयपुस्तक खरिदका लागी गत आ.बा.को बिधार्थी सख्याका अधारमा ७५ प्रतिशतले हुन आउने ७,१३,८९९।००। निकासा दिएकोमा १३ वटा बिधालयलले मात्र आ.बा. २०७५।७६ को बिधार्थीको बिवरण र पुस्तक खरिदको बिल पेश गरी बाकी रकम निकासा लिएको देखिन्छ, भने बाकी १५ बटा बिधालयले निकासा दिएको रु १,३५,२१६।०० रकम बराबरको बिधार्थी बिवरण र पुस्तक खरिदको बिल समेत पेश गरेको नदेखिएकोले उक्त बाकी बिधालयले बिधार्थी बिवरण र बिल भरपाई पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु.</td><td>१,३५,२१६।००</td></tr>
<tr><td>११०.</td><td>फरक शिर्षक खर्च : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) र ३६(८) मा बजेट खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नु पर्ने , कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।यस गाउपालिका कार्यालयले शिक्षकको प्रथम किस्ता तलब निकासा दिदा गो.भौ.नं.२-०७५।७१४ मा बित्तिय समानिकरण शिर्षकबाट खर्च लेख्नु पर्नेमा रु.९,२०,०००।०० शिक्षा सशर्त अनुदानबाट निकासा खर्च लेखेको देखिएकोले निकासा रकम कार्यालयले एकिन गरी सशर्त तर्फको खर्च रकम बित्तिय सामिकरण बजेट उपशिर्षक बाट संघिय संचित कोष दाखिला गर्नु पर्ने रु.</td><td>९,२०,०००।००</td></tr>
<tr><td>१११.</td><td>बिल भन्दा बढी भूक्तानी: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३)मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले त्रिबेणी मा. बि. लाई बिज्ञान प्रयोगशाला स्थापनाको बिल भूक्तानी दिदा बिधालयलाई रु ६,५०,०००।०० को बिल रकम मात्र भुक्तानी दिनु पर्नेमा रु ६,८६,२७०।०० भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी हुन गएको रु ३६२७०।०० असुल गरी संघिय संचितकोषमा दाखिला गर्नु पर्ने देखिएको रु.</td><td>३६२७०.००</td></tr>
<tr><td>११२.</td><td>बढी मुल्याङ्कन: :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) (ख) मा सार्वजनिक निकायले सम्बन्धित कार्यको डिजाइन लागत,अनुमान, तयार गर्ने, स्वीकृत गर्ने प्राबिधिक सल्लाह दिने,नाप जाचगर्ने,जाचपास गर्ने र अन्य आवश्यक प्राबिधिक सहयोग उपलब्ध गराउने,सुपरिवेक्षण ,गणस्तर नियन्त्रण गर्ने ब्यवस्था छ । यस कार्यालले निम्न बिधालयहरुको शौचालय निर्माणको कार्य सम्पन्न प्रतिबेदन तयार गर्दा शौचालय निर्माणमा फलाम डण्डी बढी प्रयोग भएको देखाएता पनि निमार्ण समितिले कम खरिद गरेको बिल पेश गरेको देखिएकोले खरिद समान बेगरको प्राबिधिक बिल वास्तविक हो भन्न सकिने आधार नरहेको र खरिद समान बेगर बिलमा चढाएको रकम वास्तबिक खर्च नभएकोले उक्त खर्च रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>बिधालयको नाम</th><th>बिवरण</th><th>प्राबिधिक बिलमा चढेको परिमाण</th><th>किनेको परिमाण</th><th>फरक</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>रानीढुगा आ. बि</td><td>फलाम डण्डी</td><td>९३४ के.जी</td><td>७३०</td><td>२०५ केजी</td><td>१३२</td><td>२७०६०</td></tr>
<tr><td>२</td><td>जनज्योती मा.बि.</td><td>फलाम डण्डी</td><td>१०१२ के.जी</td><td>८००</td><td>२१२के जी</td><td>१२८</td><td>२७१३६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>५४१९६।०</td></tr>
</table></td><td>५४१९६.००</td></tr>
<tr><td>११३.</td><td>शिक्षण सहयोग: कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा भएको कृयाकलाप न.२.१५.११.६३६ को ब्यवस्था अनुसार साबिक जि.शि.का बाट अनुमति प्राप्त सामुदायिक बिधालयमा शिक्षक ब्यवस्थापनको लागी चालु शैक्षिक सत्र २०७५।७६ मा कृयाकलाप संचालन गर्न निम्न बिधालयहरुलाई मिति २०७६।३।३० मा रु.७,३२,०००।०० अनुदान दिएकोमा उक्त बिधालयहरुले पुस्तिकामा भएको ब्यवस्था बमोजिम कार्यक्रम संचालन गरे नगरेको बारे गाउपालिकाबाट अनुगमन समेत गरेको देखिएन । अत कार्यान्वयन पुस्तिकामा उल्लेख गरेबमोजिमको कार्य गरेको प्रमाण पेश गर्नु पर्ने देखिन्छ ।
<table>
<tr><th>सि.न.</th><th>बिधालयको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>हिम मा.बि स्वाची सभापोखरी</td><td>३,६६,०००।००</td></tr>
<tr><td>२</td><td>कैलास मा.बि पावामा सभापोखरी</td><td>३,६६,०००।००</td></tr>
<tr><td></td><td></td><td>७,३२,०००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
</table>

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६ | | |
|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** |
| ११४. | सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस गाउपालिकाले आर्थिक बर्ष २०७५।७६ मा ६ वडाका ९१३ जनालाई रु १,६६,३८,४००।०० खर्च गरेको देखिन्छ भने यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन । | |
| ११५. | **अभिलेख एकिन :** सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १३ मा नाम दर्ता र नविकरणबाट आगामी आर्थिक बर्षका लागी कायम हुन आएका लाभग्राहीको बिवरण प्रत्येक स्थानिय निकायले फागुन मसान्त भित्र बिभागले सञ्चालनमा ल्याएको ब्यवस्थापन सुचना प्रणाली (एम आइ एस ) मा अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्ने छ । यसरी प्रविष्टि गर्ने कार्य समान्यत सम्बन्धित वडा कार्यालयको हुने छ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानिय तहले आवश्यक ब्यवस्था गर्ने छ भन्ने उल्लेख गरेको छ । यस गाउपालिका कार्यालय अन्तरगत रहेका ६ वटा वडा कार्यालयको अभिलेख अनुसार प्राय जसो जेष्ट नागरिक तथा अन्य लाभग्राहीहरु नाम प्रविष्टि आर्थिक बर्ष २०७५।७६ मा गरेको र उल्लेखित ब्यक्तिहरुलाई नै यसै आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता रकम बितरण गरेको देखिएन । यस गाउपालिकामा सामाजिक सुरक्षा भत्ता पाईराखेका लाभग्रहीको नामावली कार्यबिधि अनुसार एम. आइ. एस.मा प्रबिष्टि गरेको नदेखिएकोले सामाजिक सुरक्षा भत्ता वापत बितरण गरेको रकम वास्तबिक लाभग्राहीलाई बितरण गरेको हो वा होईन भन्न सकिने आधार देखिएन । यस सम्बन्धमा गाउपालिकाका कार्यालयले वास्तविक लाभग्राहीहरुको बिवरण एकिन गरी एम. आइ. एस.मा प्रविष्टि गरी मात्र भत्ता बितरण गर्नु पर्दछ । | |
| ११६. | **अनुगमन नभएको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २८ मा उप प्रमुख तथा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षाभत्ता बितरणको नामदर्ता, नबिकरण, भत्ताबितरण, लाभग्राहीसंग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनाइको प्रतिबेदन अध्ययन गर्ने,सुझाव कार्यान्यन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न,कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागी सिफारिस गर्न,र सही ब्यक्तिलाइ सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी गर्नु पर्ने बिषयमा सुझाब दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिब प्रतिबेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले समाजिक सुरक्षा वापत ९१३ जनाको रु १,६६,३८,४००।००बितरण गरेकोमा कार्यबिधिले उल्लेख गरेको अनुसार अनुशरण गरेको देखिएन । अत कार्यालयले बितरण गरेको रकम सही रुपमा बितरण गरेको छ भन्ने बिश्वस्त हुन सक्ने अनुगमन प्रतिबेदन पेश गरेको देखिएन । कार्यालयले यस तर्फ ध्यानदिनु पर्ने देखिन्छ । | |
| ११७. | **बैक मार्फत भत्ता बितरण नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृती बिना हातहातै नगद भत्ता बितरण गर्न पाइने छैन भन्ने ब्यवस्था छ । यस कार्यालयले ९१३ जनाको रु १,६६,३८,४००।०० ल्याप्चे सही छाप गरी बितरण गरेको देखियो । यसरी बितरण गरेको रकमको सार्वजनिक समिक्षा पनि गरेको देखिएन । यसरी बितरण गरेको रकम र्कायबिधिले तोकेको प्रक्रिया पुरा गरेको देखिएन । अत यस गाउपालिका कार्यालयले कार्याबिधिमा उल्लेख भएको ब्यवस्था अनुसार बैकं मार्फत सामाजिक सुरक्षा रकम बितरण गर्नु पर्दछ । | |
| ११८. | **सामाजिक सुरक्षाको रकम अर्कोले बुझेको :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(ख) मा भत्ता बितरण गर्दा सम्बन्धित ब्यक्तिलाई मात्र वितरण गर्नु पर्ने छ वा निजको ब्यक्तिगत नाममा बैकमा खोलिएको सामाजिक सुरक्षा बिशेष खातामा उल्लेखित म्याद भित्र जम्मा गरि दिनु पर्ने र अन्य ब्यक्तिलाई बितरण गरेको पाईएमा यसरी बितरण गर्ने र रकम बुझ्ने दुबैलाई प्रचलित कानुन बमोजिम कारवाही हुने ब्यवस्था छ । यस गाउपालिकामा सामाजिक सुरक्षा भता बितरण गर्दा सबै वडाका लाभग्रहिलाई सिधै नबुझाई आफन्त, छिमेकी, चिनजान भएका ब्यक्ति मार्फत समेत वितरण भएको छ । कार्यबिधिले गरेको ब्यवस्था अनुसार सामाजिक सुरक्षा भत्ता बितरण गर्नु तर्फ ध्यान दिनु पर्दछ । | |
| ११९. | **भत्ता बितरण :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(क) मा सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, असोज १ गतेबाट दोस्रो हप्ता भित्र,दोस्रो किस्ता माघ १ गतेबाट दोस्रो हप्ता भित्र र तेस्रोकिस्ता जेठ१ गतेबाट दोस्रो हप्ता भित्र वितरण गरि | |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | सक्नु पर्ने व्यवस्था छ । अत कार्यविधिले निर्देशन गरे पनि कार्यालयले वितरणको सामाजिक सुरक्षा रकम बितरणको लागि प्रथम किस्ता पेश्की मिति २०७५।६।७ दोस्रो किस्ता पेश्की मिति २०७५।११।१३ र तेस्रो किस्ता पेश्की मिति २०७६।३।१८ मा दिएको देखिएकोले तोकिएको समय भित्र सामाजिक सुरक्षा रकम वितरण गरेको पाइएन । गाउपालिका कार्यालयले कार्यबिधिमा उल्लेख भएको समय भित्र भत्ता बितरण गर्नु पदर्छ । | |
| १२०. | **नाम नबिकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) मा हाल भत्ता प्राप्त गरिरहेका सबै प्रकारका लाभ ग्राहीहरुले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयमवधि भित्र वडा कार्यालयमा दरखास्त दिनु पर्ने यवस्था छ । यस गाउपालिका कार्यालयले उक्त उल्लेखित ब्यवस्था अनुसार दरखास्त लिई अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेका कारणले गाउपालिकाले अनुमान गरेको अनुमानित बजेट यर्थात हुन सकेको अवस्था देखिएन ।अत कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ । | |
| १२१. | **बिवरण उल्लेख नभएको:** सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १३ मा लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख खडा गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने ब्यवस्था छ । यस गाउपालिका कार्यालयले आर्थिक बष २०७५।७६ मा बितरण गरेको सामाजिक सुरक्षा भता बितरण भरपाईमा केही लाभग्रहिहरुको जन्म मिति, नागरिक्ता नम्बर, र पचिय पत्र समेत उल्लेखित गरेको देखिएन । यसरी भत्ता बितरण गर्दा वास्तबिक लाभग्राही हरुले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अत गाउपालिका कार्यालयलबाट बितरण गरिने सामाजिक सुरक्षा भत्ता बितरण भरपाई अनुसुची ५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरिक्ता नम्बर र पचिय पत्र प्रविष्ट गरी बितरण गर्नू पर्दछ । | |
| १२२. | **सा.सु. पेश्की बाकी:** आर्थिक कार्यबिधि नियमावली २०६४को नियम ७४(३) मा दिईएको पेश्की यस नियमावलीको म्याद भित्र यसै नियमावलीको कार्यबिधि अपनाइ फछ्यौट गनु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने उल्लेख छ । यस गाउपालिकाले निम्न बडाको सामाजिक सुरक्षाको पेश्की फछ्यौट गर्दा बाकी रहन गएको रु.१,८३,६००।००.पेश्की असुल गरी संघिय संचितकोषमा दाखिला हुनु पर्ने रकम दाखिला गरेको देखिएन अत कार्यालयले उक्त रकम दाखिला समयमा नै गर्नु पर्ने रु. | १८३६००.०० |

| सि.न. | वडा न. | कर्मचारीको नाम | पेश्की बाँकी रु |
|---|---|---|---|
| १ | १ | हेमु पोर्तेल | ३२०००।०० |
| २ | २ | रघुनाथ पोखरेल | ६७६००।०० |
| ३ | ३ | चन्द्र ब.गुरुङ्ग | ८०००।०० |
| ४ | ४ | गिता कु सुवेदी | १२०००।०० |
| ५ | ५ | खडक ब. बि.क. | २४०००।०० |
| ६ | ६ | लक्ष्मी दाहाल | ४००००।०० |
| | | जम्मा | १८३६००।०० |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १२३. | **फरक शिर्षक बाट खर्च**: सशर्त अनुदान कार्यक्रम अर्न्तगत समाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा रु.१,६६,७५,०००।०० मात्र प्राप्त भएकोमा भत्ता वितरणको भर्पाई रु.१,६६,३८,४००।०० र पेश्की बांकि रु.१,८३,६००।०० गरि जम्मा रु.१,६८,२२,०००।०० भुक्तानी भएको देखिएकोमा बढी रकम रु.१,४७,०००।०० वित्तीय समानिकरणको अनुदान बाट खर्च गरिएको छ । संघिय सरकारको जिम्मेवारीमा रहेकोमा सशर्त अनुदान तर्फको खर्चमा गाउँपालिकाले वित्तीय समानिकरण अनुदान बाट भुक्तानी गर्नु नियमसँगत नेदेखिएको रु. | १४७०००.०० |
| १२४. | **भरपाई भन्दा बढी भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) र ३६(८) मा बजेट खर्च गर्दा खर्च भएको विल भरपाई सहित लेखा राख्नु पर्ने, कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस कार्यालयले तपसिलका वडामा सामाजिक सुरक्षा भत्ता बितरण गर्दा भरपाई भन्दा बढी भुक्तानी गरि खर्च लेखेको रु.८८०००।०० असुल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने देखिएको रु. | ८८,०००।०० |

| वडा न. | बिवरण | बितरण भरपाई भएको | किस्ता | बितरण गरिएको गएको संख्या | फरक | दर | रकम |
|---|---|---|---|---|---|---|---|

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:–श्री सभापोखरी गाउँपालिकाको कार्यालय, संखुवासभा । आर्थिक वर्ष: २०७५।०७६**

| सि.नं. | विवरण | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | जेष्ट | १०४ | प्रथम | १०६ | २ | ८००० | १६०००।०० |
| | ,, | ९९ | तस्रो | १०० | १ | ८००० | ८०००।०० |
| ४ | ,, | ५३ | ,, | ५४ | १ | ८००० | ८०००।०० |
| ५ | ,, | ४८ | ,, | ५० | २ | ८००० | १६०००।०० |
| ६ | जेष्ट | ८९ | दोस्रो | ९१ | २ | ८००० | १६०००।०० |
| | जेष्ट | ८३ | तेस्रो | ८५ | २ | ८००० | १६०००।०० |
| | महिला | ४८ | ,, | ५० | २ | ४००० | ८०००।०० |
| | | | | | | | ८८,०००।०० |

१२५. **पेश्की बाकी:** आर्थिक कार्यबिधि नियमावली २०६४को नियम ७४(३) मा दिईएको पेश्की यस नियमावलीको म्याद भित्र यसै नियमावलीको कार्यबिधि अपनाइ फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने उल्लेख छ । यस गाउँपालिकाले निम्न आयोजनाहरुको पेश्की फछ्र्यौट गर्दा बाकी रहन गएको रु.५६९०००।०० पेश्की फछ्र्यौट गर्नुपर्ने देखिएको रु. — ५६९०००।००

| सि.न. | वडा न. | आयोजनाको नाम | पेश्की लिने | पेश्की बाँकी रु |
|---|---|---|---|---|
| १ | ५ | ५ नं. वडा कार्यालय भवन | एस.बि. कन्स्ट्रकशन | ५३७०००।०० |
| २ | २ | शिवालय मन्दिर निर्माण | घननाथ भट्टराई | ३२०००।०० |
| | | जम्मा | | ५६९०००।०० |

१२६. **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियम विपरीत हानी नोक्सानी हुनेगरी खर्च गरेको तथा नियमावलीको पालना नगरेको अवस्था देखिन आएन । यद्यपी कार्यालयको आफ्नै कार्यालय भवन नरहेको, आन्तरिक लेखापरीक्षण नगरेको, अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजू फछ्यौटको कार्यतालिका नबनाएको, खरिद कार्यमा पूर्ण रुपमा लागत अनुमान तयार गर्ने नगरेको, जिन्सी सामानको मर्मत तथा लिलामीको कारबाही नगरेको लगायतका व्याहोरा देखिन आएकोले सोमा सुधार गरी वित्तीय जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ । नगरपालिकाको समग्र वित्तीय जवाफदेहिता पालनाको स्तर ग्रेड बी (C) रहेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

१२७. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | वाँकी (C=A-B) |
|---|---|---|
| १५२७६०००.०० | ०.०० | १५२७६०००.०० |

१२८. **अद्यावधिक वेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C) | यो वर्षको सं.पं बाट कायम वेरुजू (रु) (D) | यो वर्षको कायम वेरुजू (रु) (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १५२७६०००.०० | ० | २७७११८८५.९१ | ४२,९८७,८८५.९१ |

उल्लेखित ऐन वमोजिम फछ्र्यौट गर्न वाँकी सम्पूर्ण वेरुजू रकम असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची - १

# सभापोखरी गाँउपालिका
## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५।०७६

(रु.हजारमा)

| सि.नं | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिमेवार नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | संखुवासभा | सभापोखरी गाँउपालिकाको कार्यालय | ६९ | ६५ | २७७१२ | ० | ० | ० | ६९ | ६५ | २७७१२ | २३९६ | ७७७९ | १६७८४ | ० | ० | २६९५९ | ० | ७५३ | ७५३ |

अनुसूची - २

## स्थानीय तह संचित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात बाँकी |
| | | | १ | २ | ३ | ४ | ५=(२+३+४) | ६ | ७ | ८ | ९=(६+७+८) | १०=(१+५-९) |
| १ | सभापोखरी गाँउपालिकाको कार्यालय | संखुवासभा | ५७०९६ | ८६७१४ | १६०२७६ | ४२३७ | २५१२२७ | १८९४०८ | ७०६९७ | ४०३८ | २६४१४३ | ४४१८० |

अनुसूची- ३

## अद्यावधिक बेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बैरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सभापोखरी गाँउपालिकाको कार्यालय | संखुवासभा | १५२७६ | ० | १५२७६ | ० | २७७१२ | ४२९८८ |